का.जि.प्र.का.द.नं. १००/०५९/६०

५ पुस २०८१,
शुक्रबार
20 December, 2024
Friday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्नु

वर्ष २२, अंक ३०१ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

### कांग्रेसमा महाधिवेशन रन्को

## मैदानमा शेखर देखिएनन् गगन



निमिष झा/मध्यान्ह
काठमाडौं, ४ पुस ।

नेपाली कांग्रेसको १५औं महाधिवेशनको मिति तय नहुँदै संस्थापनइतर नेता डा. शेखर कोइरालाले महाधिवेशन केन्द्रित अभियान सुरु गरेका छन् ।

कोइरालाले सभापति शेरबहादुर देउवाको गृहप्रदेश सुदूरपश्चिमबाट महाधिवेशन केन्द्रित अभियान सुरु गर्न लागेका हुन् ।

कोइरालाले शुक्रबार सुदूरपश्चिम प्रदेशको राजधानी धनगढीबाट अभियान सुरु गर्न लागेका उनी निकट नेता गुरुराज घिमिरेले जानकारी दिए ।

धनगढीमा ९ जिल्लाका कार्यकर्तासँग भेटघाट र पार्टीका विभिन्न कार्यक्रममा कोइराला सहभागी हुने कार्यक्रम छ । '९ वटै जिल्लाका नेता तथा कार्यकर्ताहरूसँग छुट्टाछुट्टै भेटघाट र छलफल गरी उहाँले अभियानको औपचारिक सुरुवात गर्नुहुने छ', घिमिरेले मध्यान्हसँग भने । यस्तै, शनिबार भ्रातृ तथा शुभेच्छुक संस्थाका प्रतिनिधिसँग भेटघाट र प्रजातान्त्रिक सेनानी संघको प्रथम प्रदेश अधिवेशनको उद्घाटन र सम्बोधन गर्ने कार्यक्रम छ । साथै, त्यहाँ स्थानीय तहका जनप्रतिनिधिसँग अन्तरक्रिया गर्ने पनि तयारी छ ।

कोइरालासँग हृदयराम थानी, प्रा. डा. गोविन्दराज पोखरेलसहितका पृष्ठ २ मा

> केही महिनायता थापा कोइरालासँग टाढिएका छन् । उनीहरूबीच छलफल र भेटघाट पनि हुन छाडेको छ । यसले कांग्रेसभित्रको राजनीतिक कोर्स फेरिन थालेको नेताहरू बताउँछन्

### एकल अभियान

कोइरालाले महामन्त्री गगन थापाबिनै अभियान सुरु गर्न लागेका हुन् । २०७८ सालमा भएको १४औं महाधिवेशनमा कोइराला प्यानलबाट उम्मेदवार बन्दै महामन्त्री जितेका थापा पछिल्लो समय कोइरालासँग टाढिएका छन् ।

उनी टाढिएपछि आफूसँग निकट रहेका नेताहरूको साथ कोइरालाले खोजेका छन् ।

सभापतिमा देउवा दोहोरिँदा थापा पहिलो पटक पदाधिकारी बन्न सफल भएका थिए । फरक समूहबाट जितेका हुनाले देउवासँग भन्दा कोइरालासँग थापाको कुरा मिल्थ्यो । त्यही भएर थापाले उनैसँग पृष्ठ २ मा

### सर्वोच्चले भन्यो

## 'जनयुद्ध' शब्द प्रयोग नगर्नू



अस्मिता बम/मध्यान्ह
काठमाडौं, ४ पुस ।

नेकपा माओवादी केन्द्रले प्रयोग गर्दै आएको 'जनयुद्ध' शब्द प्रयोग नगर्न सर्वोच्च अदालतले सरकारलाई अन्तरिम आदेश दिएको छ ।

संवैधानिक इजलासले २६ मंसिरमा गरेको निर्णय बिहीबार प्रमाणीकरण भएको हो । संघीय सरकार र मधेश सरकारको बजेट वक्तव्यमा 'जनयुद्ध' शब्द प्रयोग भएकामा सो शब्द संविधानविपरीत भएकाले हटाउन माग गर्दै ज्ञानेन्द्रराज आरणले सर्वोच्चमा रिट दायर गरेका थिए ।

रिटमाथि फैसला गर्दै संवैधानिक इजलासको आदेशमा भनिएको छ, 'आ. व. २०८१/०८२ को बजेट वक्तव्यको बुँदा नं. २, विनियोजन ऐन, २०८१ र मधेश प्रदेशको बजेटमा प्रयोग भएको 'जनयुद्ध' शब्द हाललाई प्रयोग नगर्नू ।' सर्वोच्चले अर्को छलफल नभएसम्मका लागि यो आदेश गरेको हो ।

'जनयुद्ध' शब्द संविधानको प्रस्तावना र धारा ४२ (५) प्रतिकूल भएको सर्वोच्चको आदेशमा भनिएको छ ।

प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत तथा न्यायाधीशहरू सपना प्रधान मल्ल, कुमार रेग्मी, हरिप्रसाद फुयाँल र मनोजकुमार शर्माको इजलासले यो आदेश गरेको हो ।

साथै, सरकारलाई लिखित जवाफ पेस गर्न पनि सर्वोच्चले आदेश दिएको छ । सर्वोच्चको आदेशअनुसार अब सरकारी कामकाजमा यो शब्द प्रयोग गर्न पाइने छैन ।

सर्वोच्चका रजिस्ट्रार भद्रकाली पोखरेलले ९ साउनमा यो रिट दर्ता नगर्न आदेश दिएका थिए । तर, सर्वोच्चको इजलासले यो रिट दर्ता गरेर पेशीमा चढाएको थियो ।

रिटमा संघीय सरकारको २०८१/०८२ को बजेट वक्तव्यको बुँदा नं. २ को दोस्रो हरफमा प्रयुक्त शब्दावली '२०५२ सालको जनयुद्ध' र समान प्रकृतिको मधेश प्रदेशको २०८१/०८२ को बजेट वक्तव्यको बुँदा नं. २ को तेस्रो हरफमा भएको 'जनयुद्ध' शब्द खारेज गरी नेपालको संविधानमा उल्लेखित शब्दावली 'सशस्त्र संघर्ष वा सशस्त्र द्वन्द्व' राख्ने व्यवस्था मिलाउन अन्तरिम आदेश माग गरिएको थियो ।

५ मंसिर २०६३ मा भएको विस्तृत शान्ति सम्झौताका साथै नेपालको संविधान, २०७२, संक्रमणकालीन न्यायसम्बन्धी ऐन, २०७१ लगायत द्वन्द्वसँग सम्बन्धित कुनै पनि दस्तावेजमा 'जनयुद्ध' शब्द उल्लेख नभएको ४ पुस २०८० मा सर्वोच्चले नै व्याख्या गरेको थियो ।

३ असोज २०७२ मा जारी संविधानको प्रस्तावनामा 'राष्ट्र हित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पृष्ठ २ मा

> संविधानसभाले सोचविचार गरेर वा मनशायपूर्वक नै 'जनयुद्ध' शब्द नराखी त्यसको सट्टा 'सशस्त्र संघर्ष' शब्द प्रयोग गरेको मान्नुपर्ने सर्वोच्चको ठहर छ । सरकारले पनि जुनकुनै नाममा सशस्त्र संघर्षको सट्टा 'जनयुद्ध' शब्द प्रयोग गर्न नमिल्ने सर्वोच्चको व्याख्या छ

## करको दायरामा वकिल

### इजाजतपत्र नवीकरणका लागि कर चुक्ता प्रमाणपत्र अनिवार्य गरिएपछि कानुन व्यवसायीहरु करको दायरामा आउन थालेका हुन्



> राज्यको आर्थिक स्रोतमा वकिलले प्राप्त गर्ने रकम हुनुपर्छ भनेर धेरै छलफल भयो । त्यस आधारमा लाइसेन्स रिन्यु गर्न ट्याक्स तिरेको हुनुपर्ने २१ हजारमध्ये १३ हजार कानुन व्यवसायी करको दायरामा आइसक्नुभएको छ
>
> **उदयराज सापकोटा**
> **सचिव, कानुन मन्त्रालय**

दिवाकर अधिकारी/मध्यान्ह
काठमाडौं, ४ पुस ।

कानुन व्यवसायी (वकिल) करको दायरामा आउन थालेका छन् । कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका अनुसार इजाजतपत्र नवीकरणका लागि कर चुक्ता प्रमाणपत्र अनिवार्य गरिएपछि कानुन व्यवसायीहरू करको दायरामा आउन थालेका हुन् ।

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव उदयराज सापकोटाका अनुसार हाल २१ हजार वकिल छन् । त्यसमध्ये १३ हजार वकिल करको दायरामा आएका छन् ।

इजाजत पत्र नविकरणका लागि कर चुक्ता प्रमाण पत्र अनिवार्य गरिएपछि वकिलहरू करको दायरमा आएका हुन् ।

उनी भन्छन्, 'राज्यको आर्थिक स्रोतमा वकिलले प्राप्त गर्ने रकम पनि हुनुपर्छ भनेर धेरै छलफल भयो । त्यस आधारमा लाइसेन्स रिन्यु गर्न टयाक्स तिरेको हुनुपर्ने २१ हजारमध्ये १३ हजार कानुन व्यवसायी करको दायरामा आइसक्नुभएको छ ।'

नेपाल कानन व्यवसायी परिषद्ले कानुन व्यवसायीको इजाजतपत्र नवीकरणका लागि कर चुक्ता प्रमाणपत्र अनिवार्य गरेको हो । परिषद्ले पहिलो पटकका लागि व्यक्तिगत स्थायी लेखा नम्बर (प्यान)का आधारमा इजाजतपत्र नवीकरणको छुट दिएको छ । तर, दोस्रो वर्षदेखि कर चुक्ता प्रमाणपत्र अनिवार्य गरिएको छ ।

परिषद्ले गत १४ मंसिरमा अर्को वर्षदेखि सबै कानुन व्यवसायीले अनिवार्य रूपमा आफ्नो कानुन व्यवसायमा व्यक्तिगत करदाता नम्बर आबद्ध रहेको प्रमाणका साथै वार्षिक रूपमा कर चुक्ता गरेको प्रमाणपत्रसमेत पेस गर्नुपर्ने निर्णय गरेको हो ।

यसअघि व्यक्तिगत करदाताको रूपमा करदाता परिचयपत्रका आधारमा इजाजतपत्र नवीकरण हुँदै आएको थियो । यस्तो प्रावधानले ठूलो संख्यामा कानुन व्यवसायीले कर छली गरेको आरोप लाग्ने गरेको छ । यस्तो आरोपपछि नेपाल कानुन व्यवसायी परिषद्ले पारदर्शिताका लागि कर चुक्ता प्रमाणपत्र अनिवार्य गरेको हो ।

नेपाल कानुन व्यवसायी परिषद्ले पेसागत आचरणसम्बन्धी नियमावली ल्याएर यस्तो प्रावधान गरेको हो । कानुन व्यवसायीहरूलाई पेसाप्रति थप जिम्मेवार बनाउन भन्दै विगतको आचारसंहितालाई खारेज गरी नयाँ ल्याइएको हो ।

यसअघि कानुन व्यवसायीको आचारसंहिता, २०५१ पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## खाडी गएका सबै महिलासँग दुर्व्यवहार हुन्छ भन्ने भाष्य गलत : मन्त्री भण्डारी

मध्यान्ह संवाददाता
काठमाडौं, ४ पुस ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारीले घरेलु कामदारका रूपमा खाडी गएका सबै महिलाहरूसँग दुर्व्यवहार हुन्छ भन्ने भाष्य गलत भएको बताएका छन् । बिहीबार काठमाडौंमा आयोजित श्रमिकहरूको सुनुवाइ कार्यक्रममा लामो समय खाडीमा काम गरी फर्केर आएका श्रकिकको धारणा सुनेपश्चात् उनले यस्तो बताएका हुन् ।

'जे कुरामा पनि सकारात्मक र नकारात्मक दुवै कुरा हुन्छन् । तर, नकारात्मक कुरालाई मात्र किन अगाडि ल्याउने ? १०-२५ वर्ष नै घरेलु कामदारका रूपमा रहेकाहरूको अवस्था राम्रो पनि छ नि ! धेरै संख्यामा राम्रो नै भएको देखेको छु । नेपालमा चाहिँ सबै दिदी-बहिनीहरूको अवस्था राम्रो छ त ?', घरेलु कामका लागि जानेहरूलाई केन्द्रित गरेर उनले भने ।

काठमाडौंमै पनि घरमा काम गर्ने महिलाहरू रहेका र कसैका लागि राम्रो भएको भन्दै मन्त्री भण्डारीले केही ठाउँमा अप्रिय घटना घटेका र यस्ता घटनालाई हेरेर खाडीमा सबै महिलाहरूसँग दुर्व्यवहार हुन्छ भन्ने खालको भाष्य कत्तिको उचित हुन्छ ? भनेर प्रश्न गरे । फर्केर आएका महिलालाई पनि पृष्ठ २ मा

### ठगीको उजुरीमा ४ पक्राउ

**काठमाडौं/मस–** वैदेशिक रोजगारीमा पोल्यान्ड र सिंगापुर पठाइदिने भन्दै २६ लाखभन्दा बढी रकम ठगी गरेको उजुरीको आधारमा ४ जना पक्राउ परेका छन् ।

पक्राउ पर्नेहरूमा भक्तपुर कमलविनायकका ज्वालाराम मुस्याख्या, धनुषाको गणेशमान चारधाम नगरपालिका- ४ घर भइ काठमाडौंको गोकर्णेश्वर नगरपालिका- ५ जोरपाटी बस्ने राजकुमार चौधरी, रुपन्देही बुटवल- १४ पृष्ठ २ मा

### दैनिक ४ अर्ब रेमिटयान्स

**काठमाडौं/मस–** अन्तर्राष्ट्रिय आप्रवासी श्रमिक दिवस, २०२४ का सप्ताहव्यापी औपचारिक कार्यक्रम आगामी आइतबार सम्पन्न हुँदै छन् ।

आर्थिक वर्ष २०८०/०८१ मा ८० हजार १७२ महिलासहित ७ लाख ४१ हजार २९७ नेपाली युवा-युवती वैदेशिक रोजगारीमा गएका थिए ।

पछिल्ला वर्षहरूमा वैधानिक प्रक्रियाबाट वैदेशिक रोजगारीमा जाने नेपाली कामदारको संख्या वार्षिक साढे ७ लाख हाराहारी छ । आर्थिक वर्ष २०८०/०८१ मा उनीहरूले १४ खर्ब ४५ अर्ब ३२ करोड रेमिटयान्स स्वदेश पृष्ठ २ मा

VACANCY
Announcement
One of the reputed recruitment manpower agency is seeking for following applicants.
PRO (Public Relation Officer) - 5 (Male/Female)
Salary Negotiable
• Require Documents for Application.
• Minimum 3 years experience in related field.
• CV, Photo and if you Experience Certificates send us.
Send your resume to : info@workforcenepal.com
Glocal Workforce Nepal Pvt. Ltd.
Golfutar-8, Kathmandu, Phone: 01-5925410, 01-5925411
Mob.: 9802374835, 9802374836 9802374837 (WhatsApp)

## विज्ञप्ति

प्रकाशित मितिः २०८०/०९/०५

*हार्दिक अनुरोध, बैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परिक्षण प्रणालिमा भएको सिण्डिकेटको बिरुद्धमा उभिनु हुने तथा बुलन्द आवज उठाउनु हुने बैदेशिक रोजगार संग सम्बन्धित सम्पुर्ण व्यवसायीहरु, नेपाल बैदेशिक राजगार व्यवसायी संघ, संचार माध्यम तथा संचारकर्मीहरु, सरकारी निकायहरु, मलेसियन सरकार तथा दुतावास एवं अन्य सहयोगी हातहरु लाई धेरै-धेरै धन्यवाद ।*

लगानी गर्न लगाए पछि काम गर्ने वातावरण निमार्ण गर्ने तथा लगानीको सुरक्षाको जिम्मा राज्यको हो । चाहे त्यो मेनपावर व्यवसायी, अभिमुखिकरण व्यवसायी, मेडिकल व्यवसायी वा अन्य कुनै पनि व्यवसायी होस्, नियतवस वा सम्बन्धित निकायको गलत निर्णयका कारणले व्यवसाय धारासायी हुने वा लगानी फस्ने हुनु हुदैन । अहिले मलेसिया सरकारले नै सिण्डिकेट खारेज गरेको सुचना सम्प्रेषण गरि सकेको छ । पछिल्लो समय आधिकारीक ईमेल मार्फत आफ्ना मातहतका समन्वयकारी संस्थाहरुलाई जानकारी गराएको प्रति नेपाल स्थित मलेसियन दुतावास लाई धन्यवाद दिन चाहन्छौं । त्यस्तै गरि मिति २०८१ मंसिर २७ गते माननिय श्रम मन्त्री श्री शरद सिंह भण्डारी संगको छलफलमा समेत सबै देशको स्वास्थ्य परिक्षण सबै स्वास्थ्य संस्थाले गर्न पाउने तथा छुट्टै कानुन बनाई बिषेश क्षेत्रको स्वास्थ्य परिक्षण गरि रहेका स्वास्थ्य संस्थाबाट जाँच नगराई कोरिया, ईजरायल तथा अन्य देशको स्वास्थ्य परिक्षण अस्पताल बाट गरि रहेको कुरा तुरुन्त बन्द गरि श्रम मन्त्रालयमा सुचिकृत स्वास्थ्य संस्थाबाट मात्रै हुने व्यवस्था मिलाउने प्रतिबद्धता व्यक्त गर्नु भएकोमा हृदय देखि आभार प्रकट गर्दछौं ।

चाँडै नै मलेसिया लगाएत अन्य देशको स्वास्थ्य परिक्षण प्रणालिमा भएको सिण्डिकेट अन्त्य भएको सुचना नेपाल सरकारको आधिकारीक निकाय बाट प्रकाशित हुने छ । मलेसियामा मरि सकेको सिण्डिकेट नेपालमा यो वा त्यो वहानामा जन्मन नपाओस, दुई अर्ब भन्दा बढि लगानी रहेको, दुई हजार भन्दा बढि प्राबिधिक कर्मचारीको संम्लग्नता रहेको र करिव दश हजार व्याक्तिहरु आश्रित क्षेत्र तहस-नहस गर्दै सिण्डिकेट नलागोस् भन्नको लागि हामी सबै व्यवसायीहरु चनाखो हुन जरुरी छ । साथै राष्ट्र सेवक कर्मचारीहरु संग हातेमालो गर्दै बैदेशिक हस्तक्षेपकारी शक्ति संग सर्घष गरि रहनु परेको छ । अन्त्यमा नेपाल मेडिकल व्यवसायी संघ (नेमो) एकातिर यी र यस्ता हस्तक्षेपकारी शक्ति संग लडि रहनु परेको छ भने अर्को तिर आन्तरिक रुपमा कार्टेलिङ्गको चपेटामा जुधि रहनु परेको छ । तसर्थ संघ सदैव बैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परिक्षण लाई व्यवस्थित, मर्यादित, प्रवाभकारी, पारदर्शी, गुणस्तरिय र सरल तथा सहज रुपमा उपलब्ध गराउन सम्पुर्ण व्यवसायीहरु तथा सम्बन्धित सरोकारवाला निकायहरुलाई हार्दिक अपिल गर्दछौं ।

*'बैदेशिक रोजगारमा भएको सिण्डिकेट बिरुद्धको अभियान, गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चतता हाम्रो प्रतिबद्धता'* नाराका साथ संघ सिण्डिकेट बिरुद्धको जुनसुकै कार्य गर्न गराउन पछि नपर्ने दृढ संकल्प गर्दछ ।

कृष्ण प्रसाद बजगाई
महासचिव

तारानाथ अर्याल
अध्यक्ष

नेपाल मेडिकल व्यवसायी संघ
बसुन्धारा, काठमाडौं, नेपाल

मध्यान्ह
www.madhyanhadaily.com
५ पुस २०८१, शुक्रबार
20 December 2024, Friday

# निजामती ऐन र प्रहरी समायोजन विधेयक शीघ्र जारी हुन्छ : सभामुख



**काठमाडौं/मस-** सभामुख देवराज घिमिरेले विद्यालय शिक्षा, निजामती ऐन र प्रहरी समायोजन विधेयक शीघ्र जारी गर्ने पक्षमा संसद् रहेको बताएका छन् ।

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान र गैरसरकारी संस्था गभर्नेन्स ल्याबले 'प्रादेशिक एवं स्थानीय शासन सबलीकरण तथा समावेशी आर्थिक विकास' विषयमा आज ललितपुरमा संयुक्त रूपमा अयोजना गरेको गोष्ठीमा उनले ती विधेयक संघीय शासन प्रणालीको सफल कार्यान्वयनका निम्ति अपरिहार्य भएको बताए ।

सभामुख घिमिरेले सङ्घीयता प्रारम्भ भएसँगै तीन तहका सरकारको कार्यक्षेत्र संविधानले तोकेको, राजनीतिक, प्रशासनिक तथा आर्थिक अधिकारहरूको बाँडफाँट भए अनुरूप तीन वटै तहले नीति निर्माण तथा तिनको कार्यान्वयन गर्दै मुलुकको दिगो विकासका साझा उद्देश्य प्राप्तिमा काम गरिरहेका बताए ।

संघीयतासँग सम्बन्धित कानुनको प्रभावकारी कार्यान्वयनमा जोड दिँदै उनले संविधान कार्यान्वयनको एक दशक पुग्न लागेको सन्दर्भमा संविधान पुनरावलोकनको आवश्यकताबारे विचार-विमर्श हुनु स्वभाविक भएको टिप्पणी गरे । सभामुखले संविधानलाई जीवन्त र समय-सान्दर्भिक बनाइराख्न संवैधानिक र कानुनी प्रावधानबारे छलफल गर्न आवश्यक भएको विचार व्यक्त गरे । 'सबै क्षेत्र, लिंग, भाषा, धर्म, संस्कृति, अल्पसंख्यक, समुदायहरूलाई सम्बोधन हुनेगरी विकास तथा सेवा प्रवाहको ढाँचा निर्माणदेखि कार्यान्वयनमा ध्यान दिनुपर्छ', उनले भने ।

मुख्यसचिव एकनाराण अर्यालले मुलुकको सार्वजनिक प्रशासनमा सुशासन कायम गर्न सरकारले लिएको 'सुखी नेपाली समृद्ध नेपाल' को लक्ष्य प्राप्तिका लागि सबै मिलेर सकारात्मक पक्षलाई अवलम्बन गर्दै जानुपर्नेमा जोड दिए ।

उनले संघीय सरकारले ल्याउने आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा संविधानको मर्म अनुरुप निजी क्षेत्रलाई समेटेर सहकार्य गर्नेगरी व्यवस्था गर्नुपर्ने विचार राखे । नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष अन्जनकुमार श्रेष्ठले संविधान बनाउँदा लिइएका खुला बजार र तीन खम्बे नीतिका विषयमा छलफल गर्नुपर्ने बताए । उनले वर्तमान समयमा निजी क्षेत्रलाई पनि समेटेर आर्थिक समृद्धि हासिल हुने किसिमका नीति निर्माण गरी कार्यान्वयन गर्नुपर्नेमा जोड दिए ।

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका अध्यक्ष डा.राजन खनालले सरकारले गर्ने काममा विभिन्न प्राज्ञिक संस्थाहरू र अध्ययन अनुसन्धानमा क्रियाशील संस्थाहरूबीच छलफलको माध्यमबाट प्रशासनिक सुधार र सुशासन प्रवर्द्धनमा सहयोग पुऱ्याउने उद्देश्यले गोष्ठी आयोजना गरिएको बताए । बिहीबारदेखि सुरु भएको गोष्ठी शुक्रबार समापन गरिनेछ ।

# सहकारी ठगीका सबै आरोपितलाई कानुनी दायरामा ल्याइने



**चितवन/मस-**गृहमन्त्री रमेश लेखकले देशको कानुनअनुसार सबैमाथि समान रूपमा व्यवहार गरिने दोहोऱ्याउँदै आपराधिक गतिविधिमा संलग्न जोकोहीलाई कारबाही गर्न सरकार प्रतिबद्ध रहेको बताएका छन् ।

बिहीबार पत्रकारहरुसँग कुराकानी गर्दै उनले सहकारी ठगीका सबै आरोपितलाई कानुनको दायरमा ल्याइने बताए । सहकारी ठग्नेहरुउपर निष्पक्षतापूर्वक छानबिन गरिने तथा दोषीमाथि कारबाही उनले हुने बताए ।

सहकारी ठगीमा कास्की प्रहरी हिरासतमा रहेका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेको फोटो सामाजिक सञ्जलामा 'पोष्ट' गर्नेलाई कारबाही गर्न निर्देशन दिएको उनले बताए । हिरासतको संवेदनशीलता तथा सुरक्षा कमजोरीमा संग्लन प्रहरीमाथि पनि कारबाही गर्न निर्देशन दिएको उनले जानकारी दिए । फरक प्रसंगमा गृहमन्त्री लेखकले वर्तमान सरकार परिवर्तन नहुने र मन्त्री पनि हेरफेर नहुने बताए । वर्तमान समीकरण २०८४ सालसम्म रहने बताए ।

# 'वन सम्पदाको उपयोगबाट समृद्धि हासिल गर्न सकिन्छ'



**काठमाडौं/मस-** वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले वनलाई समृद्धिसँग जोड्न आफ्नो मन्त्रालयले सक्रियताका साथ काम गरिरहेको बताएका छन् ।

उक्त मन्त्रालयको संयोजन र खाद्य तथा कृषि संगठनको सहयोगमा बिहीबार यहाँ आयोजित राष्ट्रिय नीति संवादमा उनले वनसँग सम्बन्धित जनसरोकारका विषयमा बाधा बनेका ऐन कानुन संशोधन गरी जनतालाई समृद्धिसँग जोड्ने प्रयास भइरहेको बताए ।

'मुलुकाका सामुदायिक वन स्थानीय जनताको सहभागिता तथा सक्रियतामा व्यवस्थित हुनु हाम्रा लागि प्रेरणा हो,' मन्त्री शाहीले भने । उनले देशका २३ हजारभन्दा बढी सामुदायिक वन सम्पदाको सदुपयोगबाट स्थानीय समुदायलाई गरिबीबाट उठाउन मद्दत मिलेको बताए ।

मन्त्री शाहीले वनको दिगो व्यवस्थापन, वनमा आधारित उद्यमको विकास, पर्या-पर्यटन प्रवर्द्धन, कार्बन व्यापारलगायत वनसम्बन्धी गतिविधि बढाएर समृद्धितर्फको यात्रालाई सहज बनाउन सक्ने विचार व्यक्त गरे । उनले सामुदायिक वनमा आश्रित महिला, आदिवासी, जनजाति, दलितलगायत सीमान्तकृत समूह र युवाको समानुपातिक सुनिश्चित गर्नुपर्नेमा जोड दिए ।

# क्रियाशील सदस्यता वितरण नरोक्न कांग्रेसको आह्वान



**काठमाडौं/मस-** नेपाली कांग्रेसले कुनै पनि तहमा क्रियाशील सदस्यता वितरण नरोक्न आह्वान गरेको छ । कांग्रेस क्रियाशील सदस्यता व्यवस्थापन समितिका संयोजक एवं पार्टी महामन्त्री गगनकुमार थापाको संयोजकत्वमा बिहीबारको बैठकले उक्त आह्वान गरेको हो ।

पार्टीको कुन-कुन तहमा सदस्यता रोकिएको छ भन्ने विषयमा अर्को बैठकमा छलफल हुने भएको छ । जिल्ला सभापतिले क्रियाशील सदस्यता फारम रोकेको भेटिए केन्द्रीय समितिले हस्तक्षेप गरेरअघि बढ्ने समिति सदस्यसमेत रहनुभएका कांग्रेस केन्द्रीय सदस्य प्रकाश रसाइली स्नेहीले बताए ।

कांग्रेसको विधानमा महाधिवेशन भएको वर्ष क्रियाशील सदस्यता वितरण नगरिने व्यवस्था छ । अरु वर्ष भने नियमित रुपमा क्रियाशील सदस्यता वितरण गरिने व्यवस्थाअनुसार नै काम हुनुपर्नेमा समितिले जोड दिएको छ । समितिको अर्को बैठक यही पुस १८ गते बस्ने जनाइएको छ ।

## मैदानमा...

नेताहरू सहभागी हुने छन् । धनगढीको कार्यक्रम सकेर कोइराला काठमाडौं फर्कने र छिट्टै कर्णाली प्रदेशमा अभियान चलाउने उनको सचिवालयले जनाएको छ ।

विधानतः कांग्रेसको महाधिवेशन २०८२ मंसिरमा हुने छ । लगातार २ कार्यकाल नेतृत्वमा रहिसकेका देउवाले विधानअनुसार अब फेरि सभापतिका लागि प्रतिस्पर्धा गर्न पाउँदैनन् । सोही कारण पार्टीको नेतृत्व कोइराला परिवारमा जान नहुने देउवाको चाहना र त्यसैको लाभ लिँदै नेतृत्व लिने कोइरालाबीच द्वन्द्व चलेको छ ।

पार्टीको १५औं महाधिवेशनमा सभापतिको उम्मेदवार बन्ने तयारीमा रहेका कोइरालाका पक्षमा माहोल बनाउन काठमाडौंको अनामनगरमा सम्पर्क कार्यालय खोलिएको छ ।

महाधिवेशन समयमै गर्न दबाब दिनु र सभापतिमा कोइरालालाई जिताउनेगरी माहोल बनाउनु अभियानको उद्देश्य रहेको घिमिरेले बताए ।

'कांग्रेस केन्द्रीय समितिको कार्यकाल ४ वर्ष हो । त्यसमा हामी प्रवेश गरिसकेका छौं । अहिले म्याद थपका लागि कुनै विशेष परिस्थिति पनि नभएकाले ४ वर्षे अवधिभित्रै महाधिवेशनका लागि राजनीतिक र सांगठनिक पूर्वाधार तयार गर्नुपर्छ', उनले भने । तर, महाधिवेशनका लागि केन्द्रीय समिति अग्रसर भएको र पार्टीले पनि पहलकदमी लिएको नदेखिएको उनको भनाइ छ ।

महाधिवशेन अर्को वर्ष हुनेमा कोइराला पक्षलाई आशंका छ । 'व्यावहारिक तदारुकताबिना महाधिवेशन हुँदैन । विधानको व्यवस्थाअनुसार २०८२ मंसिरमा महाधिवेशन हुनुपर्छ', उनले भने । सदस्यता वितरणदेखि अन्य गतिविधि कहिलेदेखि सुरु गर्ने भन्ने कार्यतालिका नबनेको उनले बताए । घिमिरेले भने, 'कुनै तयारी नै नभई कसरी विश्वास गर्न सकिन्छ ? यसका लागि हामीले केन्द्रीय समितिमार्फत दबाब बढाउन लागेका छौं ।'

प्रवक्ता डा. प्रकाशशरण महतले केही नेताहरूलाई नेतृत्वमा छिटो पुग्न महाधिवेशन लागेको टिप्पणी गरे । उनले अहिले महाधिवेशनका लागि समय नै नआएको भन्दै एक वर्ष कार्यकाल थप्न सकिने सुविधा रहेकाले यही मिति र समयमा महाधिवेशन हुने भन्न सकिने अवस्था नरहेको बताए ।

आगामी महाधिवेशनबाट कोइराला र थापा मात्र होइन, पूर्णबहादुर खड्का, विमलेन्द्र नीधि, डा. शशांक कोइराला, प्रकाशमान सिंह, कृष्णप्रसाद सिटौलालगायतका नेता पनि सभापति बन्ने आकांक्षामा छन् ।

उनीहरूमध्ये कसैलाई पनि सभापति देउवाले साथ नदिए महाधिवेशनसम्ममा परम्परागत गुट भत्किने र नयाँ निर्माण हुँदै अर्को धुव्रीकरण हुने देखिन्छ ।

## एकल...

राजनीतिक निकटता बढाए । केही विषयमा कोइराला र थापा मिलेर सभापति देउवालाई दबाबमा राखेका थिए । पार्टीमा देउवाले एकल निर्णय गर्न नसक्ने स्थिति उनीहरूले पैदा गरेका थिए । तर, दुवैको सहकार्य भने लामो समय चल्न सकेन ।

केही महिनायता थापा कोइरालासँग टाढिएका छन् । उनीहरूबीच छलफल र भेटघाट पनि हुन छाडेको छ । यसले कांग्रेसभित्रको राजनीतिक कोर्स फेरिन थालेको नेताहरू बताउँछन् ।

कोइरालाले १५औं महाधिवेशनमा सभापति उठ्ने घोषणा गरिसकेकाले र थापाले पनि आफूलाई आकांक्षी राखेका हुनाले साथ छाडेको हुन सक्ने चर्चा कांग्रेस वृत्तमा चलेको छ ।

थापाले पनि सभापतिमा उठ्ने बताइरहेका छन् । कोइराला समूहमै रहँदा उनलाई सभापति उठ्न सम्भव नरहेको हुँदा उनी कोइरालाबाट टाढिएका हुन् ।

थापाले देउवाको उत्तराधिकारी बन्न पाइन्छ कि भनेर क्याम्प फेरेका आँकलन गरिन्छ ।

थापाले सहकारी प्रकरणमा ठगी गरेको भन्दै राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेविरुद्ध निरन्तर आवाज उठाइरहे । संसदीय छानबिन समितिबाट लामिछाने दोषी ठहर भए । यस प्रकरणपछि थापाले देउवाको विश्वास आर्जन गर्न सफल भएको नेताहरू बताउँछन् ।

बिदा हुन लागेका सभापतिसँग धेरै विवाद गरेर जानुभन्दा मिलेर र सहकार्य गरेर अघि बढ्नु ठीक हुन्छ भन्ने बुझाइ थापामा आएको हुन सक्ने एकथरि नेताहरूको बुझाइ छ ।

देउवा आगामी महाधिवेशनमा सभापतिको उम्मेदवार बन्ने छैनन् । उनको साथ पाउने व्यक्ति निर्णायक हुने बुझाइ थापाको छ । सोही कारण थापाले सभापति लड्ने आन्तरिक तयारी गरिरहेको उनी निकट नेताहरू बताउँछन् ।

## जनयुद्ध...

पटकपटक गर्दै आएको ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष, त्याग एवं बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण एवं शहीद तथा बेपत्ता र पीडित नागरिकहरूलाई सम्मान गर्ने' भनिएको छ ।

संविधानको धारा ४२ को उपधारा (५) मा पनि 'सशस्त्र संघर्ष' शब्द प्रयोग भएको भन्दै फैसलाको सर्वोच्चले २०८० सालमै जारी गरेको पूर्ण पाठमा भनेको थियो, 'संविधानको अन्य धारामा समेत 'जनयुद्ध' शब्द उल्लेख भएको वा प्रयोग भएको अवस्था छैन ।'

साथै, जहाँ 'सशस्त्र संघर्ष' शब्द प्रयोग भएको छ, त्यहाँ द्वन्द्वपीडित विस्थापित, घाइते आदि शब्दहरू प्रयोग भएका फैसलामा उल्लेख छ । सर्वोच्चले भनेको थियो, 'यसबाट 'जनयुद्ध' शब्दलाई संविधानले मान्यता दिएको वा पहिचान गरेको अवस्था देखिँदैन ।'

संविधानसभाले सोचविचार गरेर वा मनशायपूर्वक नै 'जनयुद्ध' शब्द नराखी त्यसको सट्टा 'सशस्त्र संघर्ष' शब्द प्रयोग गरेको मान्नुपर्ने सर्वोच्चको ठहर छ ।

सरकारले पनि जुनकुनै नाममा सशस्त्र संघर्षको सट्टा ' जनयुद्ध' शब्द प्रयोग गर्न नमिल्ने सर्वोच्चको व्याख्या छ ।

यसअघि १३ पुस २०८० मा पनि सर्वोच्चले 'जनयुद्ध दिवस'मा बिदा दिने सरकारको निर्णय खारेज गरेको थियो । विभिन्न मितिमा परेका ६ वटा रिटमाथि सुनुवाइ गरेको सर्वोच्चले संक्रमणकालीन न्याय प्रभावित हुन सक्ने तथा द्वन्द्वपीडितहरूको भावना चोट पर्न सक्ने भन्दै जनयुद्ध दिवसमा बिदा दिने निर्णय खारेज गरेको थियो ।

तत्कालीन न्यायाधीशद्वय आनन्दमोहन भट्टराई र महेश शर्मा पौडेलको इजलासले सरकारले दिने बिदा र त्यसका आधारमा विभिन्न प्रदेश सरकारबाट भएका निर्णय तथा सूचनाहरू समेत उत्प्रेषणको आदेशले बदर गरेको थियो ।

१ फागुनमा सशस्त्र द्वन्द्व सुरु भएको मितिलाई स्मरण गर्दै तत्कालीन पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारले १ फागुनलाई जनयुद्ध दिवसका रूपमा मनाउने र बिदा दिने निर्णय गरेको थियो । त्यसविरुद्ध रिटहरू दायर भएका थिए । द्वन्द्वपीडितहरूले यस बिदाले आफूहरूको भावनामा चोट पुगेको दाबी गरेका थिए ।

## करको...

कार्यान्वयनमा थियो । यसलाई खारेज गरेर पेसागत आचारणसम्बन्धी नियमावली, २०७९ ल्याएसँगै कानुन व्यवसायी करको दायरामा आउन थालेका हुन् ।

कानुनी पेसामा रहेका बरिष्ठ अधिवक्ता, अधिवक्ता, अभिवक्ताहरूले के गर्न पाउने, के नपाउने भन्ने विषयसमेत नियमावलीमा समावेश छ । व्यक्तिगत स्वार्थ राखेर मुद्दाका पक्षबाहेकका अन्य पक्षको प्रभावमा परी कानुन व्यवसायीको स्वतन्त्रतामा आँच आउनेगरी, पेसागत मर्यादाविपरीत सम्झौता गर्न नपाइनेलगायतका प्रावधान राखिएका छन् ।

कानुन व्यवसायीले कुनै प्रकारको बिचौलियाका रूपमा काम गर्न नहुनेदेखि अदालतमा जाँदा कस्तो खालको पोसाक लगाउने भन्नेसम्म नियमावलीमा समेटिएको छ ।

## खाडी...

यसले बदमासी गऱ्यो होला भन्ने खालको भाष्य भएको र 'यस्तो भाष्यले कसरी समाज बन्छ ?' भन्ने उनको सवाल थियो ।

उनले नेपाली श्रमिक मुलुकका लागि शक्ति भएको पनि बताए । वैदेशिक रोजगारीमा गएकाहरू दक्ष भएर स्वदेश फर्किने भनाइ राख्दै उनले भने, 'श्रमका लागि जो पनि वैदेशिक रोजगारीमा जानुहुन्छ, फर्केर आउनु नै हुन्छ । लामो समय त्यहाँ काम गरिसकेपछि उहाँहरू सीप सिकेर आउनुहुन्छ । काममा पोख्त भएर आउनुहुन्छ । रेमिटयान्सभन्दा देशका लागि उहाँहरूको सीप हुन्छ ।'

उनले वैदेशिक रोजगारीमा जाने नेपालीहरूले सीप र ज्ञान सिकेर नजाँदा धेरै दुःख पाइरहेको अवस्था रहेको पनि बताए ।

## दैनिक...

पठाए । मसिनो रूपमा गणना गर्ने हो भने वैदेशिक रोजगारीमा रहेका नेपाली कामदारले पसिनासँग साटेर दैनिक ४ अर्ब रुपैयाँ स्वदेश पठाइरहेका छन् ।

नेपालमा यो दिवस सरकारी, गैरसरकारी, निजी क्षेत्र, ट्रेड युनियन, नागरिक समाज, संचारकर्मी र छिटफुट तथा नगन्य रूपमा वैदेशिक रोजगारीबाट फर्केका कामदारको उपस्थितिमा मनाउने गरिएको छ ।

नेपालसहित विश्वभर अन्तर्राष्ट्रिय आप्रवासी श्रमिक दिवस मनाउँदा विदेशमा पसिना बगाइरहेका कतिपय श्रमिकलाई यस दिवसले उनीहरू र उनीहरूका आश्रित परिवारमा पार्ने प्रभावबारे कुनै जानकारी नै देखिँदैन । कतिपयले वर्षौंदेखि एकै प्रकारको निरस र पट्यारलाग्ने सप्ताहव्यापी आप्रवासी दिवस मनाउने भनेर सरकारी शैलीको आलोचनासमेत गर्ने गरेका छन् ।

दैनिक ४ अर्ब रुपैयाँ आर्जन गर्ने वैदेशिक रोजगारीबाहेक अर्को क्षेत्र देखिँदैन । तर, श्रम गन्तव्य मुलुक भ्रमण गरी द्विपक्षीय छलफल गर्ने, नेपाली कामदारका लागि अवसर बढाउनेदेखि कामदारका बीचमा मन्त्री र सचिव जस्ता राज्यका उच्चस्तरीय नेतृत्व पुगेर हौसला बढाउने काम भएको छैन ।

नियमित रूपमा सरकारका उच्चस्तरीय भ्रमण नहुँदा या श्रम गन्तब्य मुलुकबाट कम्तीमा मन्त्रीस्तरीय भ्रमण नगराइँदा कतिपय श्रम गन्तव्य मुलुकमा नेपाली कामदार र नेपालप्रतिको बुझाइमा नै अलमल उत्पन्न हुने गरेको अनुभवीहरूको भनाइ छ ।

नेपाली कामदारको ठूलो संख्या मलेसिया, साउदी अरेबिया, यूएई, कतार जस्ता मुस्लिम राष्ट्रहरूमा गइरहेका छन् । मलेसियामा त नेपाली कामदारको मुख्य प्रतिस्पर्धी बंगलादेशका कामदार छन् ।

यसअघि मुस्लिम भाइचाराको सम्बन्ध जोड्दै बंगलादेशकी तत्कालीन प्रधानमन्त्री शेख हसिना मलेसियाका तत्कालीन प्रधानमन्त्री डा. मोहमद महाथिरलाई भेट्न मलेसिया पुगेकी थिइन् ।

नेपालको सन्दर्भ हेर्ने हो भने, कामदारको हक, अधिकार, तलब, सुविधाबारेमा छलफल गर्ने मुख्य एजेन्डा लिएर प्रधानमन्त्री र मन्त्रीहरूको भ्रमण श्रम गन्तव्य मुलुकमा हुन सकेको देखिँदैन । नेपालले ती मुलुकका उच्चस्तरीय नेतृत्वलाई आमन्त्रण गरेको पनि पाइँदैन । नेपालले शून्य लागतमा कामदार पठाउने नीति लिएको छ ।

स्वदेशमा हुने छलफलमा नेपालले श्रम सम्झौता सोही मोडलमा गर्ने बताएको छ । तर, उच्चस्तरीय भ्रमण गरेर त्यसको औचित्यका बारेमा माथिल्लो तहलाई विश्वासमा लिने काम भने भएको देखिँदैन ।

## ठगीको...

नयाँगाउँका बुद्धिबहादुर बस्याल र धनुषाको मटिहानी नगरपालिका घर भई काठमाडौंको गौशाला बस्ने रूपेशकुमार चौधरी रहेका छन् ।

राजकुमारले पोल्यान्ड पठाइदिने भन्दै २ जनाबाट ६ लाख ३० हजार, मुस्याख्याले अस्ट्रेलिया पठाउने भन्दै १ जनाबाट २ लाख, रूपेशकुमारले सिंगापुर पठाइदिने भन्दै १ जनाबाट १६ लाख, बस्यालले यूएई पठाइदिने भन्दै १ जनाबाट १ लाख ९० हजार रुपैयाँ लिएर सम्पर्कविहीन भएको उजुरी परेको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ ।

राजकुमारलाई काठमाडौंको काँडाघारी, बस्याललाई टोखा, मुस्याख्यालाई बागबजार र रूपेशकुमारलाई टेकुबाट पक्राउ गरी थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको प्रहरीले बताएको छ ।

# बलरा- ४ का पूर्व वडा अध्यक्ष झाको निधन

**जनकपुरधाम/मस-** सर्लाहीको बलरा नगरपालिका-४ का पूर्ववडाध्यक्ष केशव झाको ८५ वर्षको उमेरमा बिहीबार निधन भएको छ । एक सातादेखि निमोनिया र श्वासप्रश्वाससम्बन्धी रोगबाट ग्रसित उनको उपचारका क्रममा बिहीबार निधन भएको उनका भतिजा नरेश झाले जानकारी दिए ।

समाजसेवी तथा कुशल राजनीतिज्ञ झा पञ्चायतकालदेखि राजनीतिमा सक्रिय थिए । विसं २०५६ मा बलरा गाविस अध्यक्ष पदमा निर्वाचित भएका उनी वि.सं २०७४ को स्थानीय तहको निर्वाचनमा नेपाली कांग्रेसको तर्फबाट बलरा नगरपालिका-४ को वडाध्यक्ष पदमा निर्वाचित भएका थिए । झाका श्रीमती, एक छोरा र चार छोरी छन् ।

झाको निधनप्रति गहिरो दुःख व्यक्त गर्दै बलरा-४ मा बिहीबार शोक बिदा दिएको वडाध्यक्ष मणिभूषण सिंहले जानकारी दिए ।

सिंहद्वारा जारी सार्वजनिक सूचनामा वडाभित्रका सम्पूर्ण सरकारी कार्यालय, संस्था तथा विद्यालय बिहीबार बन्द गर्ने निर्णय भएको उल्लेख छ । मृदुभाषी स्वभावका झाको निधनले कुशल राजनीतिज्ञ र समावसेवी गुमाएको उनले बताए । यसैबीच, संघीय सांसद अमरेशकुमार सिंहले बिहीबार एक शोक सन्देश जारी गर्दै बलरा-४ का पूर्ववडाध्यक्ष, कुशल समाजसेवी एवं राजीतिज्ञ झाको निधनप्रति गहिरो दुःख व्यक्त गर्दै शोकाकूल परिवारजनमा धेर्यधारण गर्ने क्षमता प्राप्त होस् भन्ने कामना गरे ।

# ‘पूर्वाधार निर्माण र सेवा विस्तारमा लगानी बढाउनुपर्छ’



**गण्डकी/मस–** पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले पूर्वाधार निर्माण र सेवा विस्तारका क्षेत्रमा स्वदेशी तथा विदेशी लगानी बढाउँदै लैजानुपर्नेमा जोड दिएकी छन् ।

त्रिभुवन विश्वविद्यालय र चीनको सिचुवान विश्वविद्यालयअन्तर्गत चाइना सेन्टर फर साउथ एसियन स्टडिजको संयुक्त आयोजनामा बिहीबारदेखि पोखरामा सुरु भएको ‘फेवा संवाद’ को उद्घाटन गर्दै पूर्वराष्ट्रपति भण्डारीले मुलुकको अर्थतन्त्र वृद्धि गर्दै विकास, निर्माणमा लगानी बढाउँदै जानुपर्ने उल्लेख गरिन् । उनले विदेशी र स्वदेशी लगानीका क्षेत्र बढाउँदै स्वदेशी उत्पादनमार्फत राजस्वमा वृद्धि गर्नुपर्ने बताइन् ।

पूर्वराष्ट्रपति भण्डारीले नेपालको अर्थतन्त्रको मेरुदण्डका रूपमा रहेको कृषिलाई व्यावसायिक बनाउनुका स्थानीयस्तरमा उद्योग स्थापना गरी स्वदेशी माग पूरा गर्नुपर्नेमा जोड दिइन् । उनले स्वदेशी उत्पादनको निर्यात बढाएर रोजगारी सिर्जना गरी दिगो विकास गर्दै नागरिकको आर्थिकस्तर उकास्न सकिने धारणा राखिन् ।

विकास प्रक्रियालाई तीव्रता दिँदा जलवायु परिवर्तनका प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्ने र त्यसलाई अनुकूल बनाउने किसिमका नीति तथा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक रहेको पूर्वराष्ट्रपति भण्डारीले बताइन् ।

हरितगृह ग्यास उत्सर्जनमा न्यून योगदान गर्ने नेपालसहित हिमाली र टापु राष्ट्रहरू जलवायु परिवर्तनबाट सबैभन्दा बढी प्रभावित भएका उल्लेख गर्दै पूर्वराष्ट्रपति भण्डारीले कार्बन उत्सर्जनमा प्रमुख योगदानकर्ताका रूपमा विकसित र औद्योगिक राष्ट्रहरूले जलवायु संकटको जिम्मेवारी लिनुपर्ने धारणा राखिन् ।

जलवायु परिवर्तनले वातावरणीय चुनौती निम्त्याउन न्यूनतम भूमिकामा रहेका राष्ट्रहरूलाई विकसित राष्ट्रहरूले उचित र पर्याप्त क्षतिपूर्ति उपलब्ध गराउनुपर्नेमा जोड दिँदै पूर्वराष्ट्रपति भण्डारीले जलवायु परिवर्तनका कारण जोखिममा परेका देशलाई अनुकूलन र हानीनोक्सानी क्षतिपूर्ति उपलब्ध गराउन स्पष्ट रूपमा वित्तीय स्रोत र प्रविधि दिनुपर्ने आवश्यकता औँल्याइन् ।

विश्वव्यापी रूपमा सफल, अनुकरणीय र उपयुक्त विकास अभ्यासबाट सकारात्मक पाठ सिक्नुपर्ने बताउँदै उनले केही दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको अनुभव हाम्रा लागि प्रेरणादायी हुने उल्लेख गरिन् । उत्तरी छिमेकी राष्ट्र चीनले छोटो अवधिमा ठूलो जनसंख्यालाई गरिबीबाट बाहिर निकालेको र आफ्नो अर्थतन्त्रमा आमूलपरिवर्तन गरेकाले चीनबाट नेपालजस्ता मुलुकले चीनको अनुसरण गर्नुपर्ने उनले बताइन् ।

लगानीमैत्री र व्यावसायिक वातावरण, वैदेशिक लगानी आकर्षित गर्न द्रुत नीति र संस्थागत सुधार, औद्योगिक तथा भौतिक पूर्वाधारको विकास र सुशासन र संस्थागत क्षमता वृद्धिलगायत क्षेत्रमा सुधार गरेमा दोहोरो अंकको आर्थिक वृद्धि हासिल गर्न सकिने पूर्वराष्ट्रपति भण्डारीले धारणा राखिन् ।

नेपालका लागि चिनियाँ राजदूत छन् सङले सम्मेलनले यहाँको पर्यटन प्रवर्द्धनसँगै जनता-जनताबीच सम्बन्ध स्थापना गर्न महत्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गरे । त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा डा केशरजङ्ग बरालले त्रिभुवन विश्वविद्यालय र सिचुआन विश्वविद्यालयबीचमा शैक्षिक, प्राज्ञिक तथा अनुसन्धानका क्षेत्रमा विभिन्न सहकार्य हुँदै आएको बताउँदै सोहीअन्तर्गत पोखरामा यस किसिमको बौद्धिक बहस गर्न लागिएको जानकारी दिए ।

कार्यक्रम संयोजकसमेत रहेका त्रिभुवन विश्वविद्यालयका शिक्षाध्यक्ष प्रा.डा.खड्ग केसीले दक्षिण तथा दक्षिणपूर्वी एसियाली मुलकको सहकार्यलाई थप प्रगाढ बनाउन, अन्तर आबद्धतालाई अवसरमा रुपान्तरण गर्न, प्रविधि र विकासको साझेदारी अभिवृद्धि गर्न फेवा संवाद आयोजना गरिएको जानकारी दिए ।

सिचुवान विश्वविद्यालयका प्राध्यापक यायो लेलेले अनुभव आदानप्रदानसँगै सांस्कृतिक आदानप्रदान, ज्ञान र सीप हस्तान्तरण, मित्रता अभिवृद्धिलगायत क्षेत्रमा सम्मेलन प्रभावकारी र फलदायी बन्ने विश्वास व्यक्त गरे ।

# धमाधम पक्राउ पर्दै मिटरब्याजी

**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, ४ पुस



रौतहटका मिटरब्याजी अर्थात् साहु महाजनहरु धमाधम पक्राउ पर्न थालेका छन् । मिटरब्याजीहरुमाथि रौतहट प्रहरीले कडा एक्सन लिएपछि चर्को ब्याजमा पैसा लगानी गर्ने साहुहरु यतिखेर धमाधम प्रहरीको फन्दामा पर्न थालेका हुन् ।

अनुचित लेनदेन अर्थात् तोकिएको भन्दा बढी चर्को ब्याजमा पैसा लगानी गरेको आरोपमा रौतहट प्रहरीले बिहीबार एक जनालाई पक्राउ गरेको छ । लामे समयदेखि फरार माधवनारायण नगरपालिका -५ मिठुअवाका ४१ वर्षीय श्रीभगवान साहलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय गौर रौतहटबाट खटिएको प्रहरी टोलीले बिहीबार लुकीछिपी बसेको अवस्थामा साहलाई पक्राउ गरेको हो । अनुचित लेनदेन अर्थात् मिटरब्याजीको कारोवार गरेको आरोपमा जिल्ला अदालत रौतहटको पक्राउ पुर्जीको आधारमा साहलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटका डीएसपी दिपक कुमार रायले बताए ।

अनुचित लेनदेन सम्बन्धी कसुर मुद्दामा अदालतबाट पक्राउ पुर्जी जारी भइ फरार रहेका साहलाई जिल्लाको शुकदेव चौकबाट पक्राउ गरिएको रायले बताए । स्थानीय रामप्रित साहले दिएको जोहेरीको आधारमा श्रीभगवान साह र निजको श्रीमती विनिता साहमाथि अनुचित लेनदेन सम्बन्धी कसुर मुद्दामा जिल्ला अदालत गौर रौतहटबाट गत मंसिर २० गते पक्राउ पुर्जी जारी गरेको थियो ।

अनुचित लेनदेन सम्बन्धी मुद्दामा आलतबाट पक्राउ पुर्जी जारी भएको अर्का अभियुक्त साहकी श्रीमती विनिता साह फरार रहेकी छन् ।

पीडित रामप्रित साहले मीटरव्याजी साहसँग लिएको साँवा र ब्याज चुक्ता गरेपछि श्रीभगवान साहले उनीसँग गराएको कपाली तमसुक कागज फिर्ता गर्न नमानेपछि पीडित रामप्रितले प्रहरीमा मिटरब्याजी सम्बन्धी जाहेरी दिएका थिए । पक्राउ परेका व्यक्ति श्रीभगवान साह सरकारी कर्मचारी रहेको र उनी कर्णाली प्रदेशमा कार्यरत रहँदा त्यहाँबाट घरआएर लुकीछिपी बसीरहेको कुरा प्रहरीले थाहा पाउने बित्तिकै निजलाई पक्राउ गर्न सफल भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

रौतहटका प्रहरी उपरीक्षक दिलिप घिमिरे अहिले विदामा छन् । एसपी घिमिरे विदामा गएपछि जिल्ला प्रहरी कार्यालय रौतहटको प्रमुखको जिम्मेवारी डीएसपी रायले सम्हालेका छन् । रायले फरार अभियुक्तहरुलाई पक्राउ गर्न तदारुकता देखाएपछि विभिन्न मुद्दामा फरार अभियुक्तहरु अहिले धमाधम पक्राउ पर्न थालेका छन् । डीएसपी रायको कडा निगरानी र एक्सनकै कारण मिटरब्याजी रहेका साह पक्राउ पर्न सफल भएका हन् । यसमा रौतहट प्रहरीको ठूलो सफलता रहेको देखिएको छ ।

मिटरव्याजी साह पक्राउ परेपछि अनुचित लेनदेन अर्थात् मिटरब्याजीको कारोवार गर्ने व्यक्तिहरुमा डरत्रास उत्पन्न भएको छ ।

मुलकी देवानी संहिता २०७४ को परिच्छेद १५ को दफा ४७८ मा साहुले ऋणीबाट लिन पाउने ब्याजको रकम साँवा रकमको वार्षिक दश प्रतिशतभन्दा बढी हुने छैन भन्ने उल्लेख छ । कानुनमा यस्तो प्रावधान रहेपनि व्यवहारमा भने ठीक उल्टो छ ।

# देशभर इन्टरनेट र टेलिफोन सेवा विस्तार गर्ने अभियानमा छौं : मन्त्री गुरुङ



**लमजुङ/मस–**सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले मन्त्रालय देशभर इन्टरनेट र टेलिफोन सेवा विस्तार गर्ने अभियानमा रहेको बताएका छन् ।

लमजुङको मालिङमा बिहीबार क्व्होलासोथार गाउँपालिको प्रशासकीय भवन र मालिङ प्राथमिक अस्पतालको नवनिर्मित भवनको उद्घाटन गर्दै मन्त्री गुरुङले नेपाल सरकारको डिजिटल फ्रेमवर्कको उद्देश्य पूरा गर्ने सुरुवाती थलोको रुपमा लमजुङलाई लिएकाले यहाँका घर-घरमा इन्टरनेट र टेलिफोन सेवा पुऱ्याइने बताए । जिल्लालाई यस वर्ष पूरै सूचना प्रविधिमैत्री बनाइने उनको भनाइ थियो ।

इन्टरनेट र टेलिफोन सेवा विस्तारपछि यहाँका सरकारी कार्यालयमा सूचना प्रविधिमार्फत सेवा प्रदान गरेर आधुनिक प्रशासन प्रणालीमा जोड दिइने मन्त्री गुरुङले बताए । अहिलेको समय सूचना प्रविधिको भएकाले विद्यालय शिक्षा प्रविधियुक्त बनाउन लमजुङका सबै समुदायिक विद्यालयमा कम्युटर ल्याब उपलब्ध गराइने उनले उल्लेख गरे । हालसम्म १० सामुदायिक विद्यालयमा १०/१० थान कम्प्युटर उपलब्ध गराइसकेको उनले जानकारी दिए ।

गण्डकी प्रदेश सरकारले रु दुई करोड र गाउँपालिकाको दुई करोड गरी चार करोड १४ लाख १२ हजार नौ सय ३९ को लागतमा भवन निर्माण भएको गाउँपालिका अध्यक्ष सूर्यप्रसाद गुरुङले बताए । भवनले दुई रोपनी चार आना जग्गा चर्चेको छ । नवनिर्मित भवनमा ३६ कोठा छन् ।

# स्वास्थ्यमन्त्री पौडेलद्वारा वैद्यखानाको अनुगमन



**काठमाडौं/मस–** स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले सिंहदरबारस्थित वैद्यखानामा आयुर्वेदिक औषधि उत्पादन वृद्धि गर्न आग्रह गरेका छन् । वैद्यखानाको औषधि उत्पादन अवस्थाबारे बिहीवार अनुगमन गर्दै मन्त्री पौडेलले वैद्यखानाका कर्मचारीहरुलाई भने, ‘बजारमा वैद्यखानाको औषधिको माग छ, उत्पादन बढाउनुस् ।’

मन्त्री पौडेलले बजारमा सिंहदरबार वैद्यखानाको औषधि किन्न खोज्दासमेत नपाइने अवस्था आएकाले आवश्यक कच्चा पदार्थ उपलब्ध नगराउने ठेकेदारलाई कालोसूचीमा राखेर नयाँ विकल्प खोज्न निर्देशन दिए । ‘बजारमा बिक्ने चिज हामी किन उत्पादन गर्न सक्दैनौं ? आवश्यक बजेट अभाव हुन दिन्नौं । तर, उत्पादन बढाउनुस्,’उनले भने । कर्मचारीहरूले स्रोत अभाव भएको गुनासो गरेपछि मन्त्री पौडेलले केही समयअघि वैद्यखानाका लागि बजेट विनियोजन गरेको उल्लेख गर्दै सार्वजनिक संस्थानहरूलाई पुँजीगत सहयोग गर्न सकिने तर तलब ख्वाउने रकम सरकारले दिन नसक्ने बताए ।

# मेलम्ची ‘पाइप लाइन’को काम शीघ्र पूरा गर्न निर्देशन

**काठमाडौं/मस–**
खानेपानीमन्त्री प्रदीप यादवले काठमाडौं उपत्यकाका विभिन्न स्थानमा मेलम्चीको पानी आपूर्ति गर्न बिच्छ्याइएका ‘पाइप लाइन’को काम शीघ्र पूरा गर्न निर्देशन दिएका छन् ।

स्थानीय इन्द्रचोक, जनवहाल, नयाँ सडक, असनलगायत स्थानमा जारी पाइपलाइनको कामको बिहीबार निरीक्षण गरेपछि उनले त्यस्तो निर्देशन दिएका हुन् ।

साथै उनले चुहावट नियन्त्रण गर्नुपर्नेमा जोड दिए । गुणस्तर सुनिश्चित नहुँदा धेरै स्थानमा पानी चुहिएको र पानी चुहिएका स्थानमा यथाशीघ्र मर्मतसम्भार गर्न उनले निर्देशन दिए ।

मन्त्री यादवका साथ खानेपानी मन्त्रालयका सचिव प्रमिलादेवी शाक्य बज्राचार्य, काठमाडौं उपत्यका खानेपानी लिमिटेड आयोजना कार्यान्वयन निर्देशनालयका वरिष्ठ अधिकारी थिए ।

# दलित समुदायको अधिकार तथा विकाससम्बन्धी विधेयक पेस गर्न निर्देशन



**काठमाडौं/मस–**राष्ट्रिय सभा अन्तर्गतको विकास, आर्थिक मामिला तथा सुशासन समितिले दलित समुदायको अधिकार तथा विकास सम्बन्धी विधेयक संसदमा पेश गर्नको लागि आवश्यक गृहकार्य जुट्न निर्देशन दिएको छ ।

बिहीवार सिंहदरबारमा बसेको समिति बैठकले संसदको हिउँदे अधिवेशनभित्र संसदमा विधेयक पेश गर्नेगरी गृहकार्यमा जुट्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई निर्देशन दिएको हो ।

समिति सभापति कमला पन्तले सरकारलाई निर्देशन दिँदै विधेयक निर्माणका लागि समितिले आवश्यक सहयोग गर्ने बताए। उनले समिति दलित समुदायको अधिकारसम्बन्धी विधेयक निर्माणका लागि आवश्यक गृहकार्य गरिरहेको र उक्त गृहकार्यलाई प्रतिवेदनको रूपमा बुझाउने बताए । उनले ऐन निर्माण गर्ने निकाय संसदीय समिति नभएको समेत स्पष्ट पारिन् ।

दलित समुदायहरूमाथि राजनीति भइरहेको भन्दै उनले राजनीतिले आँखा नचिम्लिने गरी ऐन बनाउन जरुरी रहेको बताइन् ।

सभापति पन्तले भनिन्, ‘समितिमा पेस भएको संसदको प्रस्ताव कार्यान्वयन उपसमितिको प्रतिवेदन सुझावसहित राष्ट्रिय सभामा छलफलका लागि पेश गर्नको लागि आवश्यक गृहकार्य अघि बढाउनेबारे निर्देशन दिएका छौं ।’

## शिलवन्दी दरभाउपत्र प्रक्रियाबाट वन पैदावार विक्रिको सूचना

**दोस्रो पटक सूचना प्रकाशन मिति २०८१/०९/०५**

यस सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. २६६६ मिति २०८०/११/२९ को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरु मध्ये समूहमा आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरुलाई डिभिजन वन कार्यालय बाँकेको मिति २०८१/०७/०४ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका साल, असना, जामुन, धौटी, पानन, बर्रो, तेंदु, गम्हारी लगायत जातका गोलिया थान १४११ को ९८२८.८७ क्यू.फि. काठ र साल जातको दाउरा २३ चट्टा, असना, जामुन, धौटी, पानन, बर्रो, तेंदु, गम्हारी जातको दाउरा १० चट्टालाई हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक वन पैदावारको लिलाम बिक्रिमा भाग लिनका लागी डिभिजन वन कार्यालयमा सुचिकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र खरिद गरि २२औं दिनको दिउँसो १२:३० बजेभित्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

**श्री जयदुर्गा भवानी सामुदायिक वन उपभोक्ता समूह राप्ती सोनारी – २ बाँके**

## लोकदर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेड

**नयाँ बानेश्वर, काठमाडौं, फोन नं. ४५८४३६०**

**पन्ध्रौं बार्षिक साधारण सभा सम्बन्धि सूचना**

यस संस्थाको मिति २०८१।०९।०३ गते बुधवार बसेको संचालक समितिको बैठकले निम्न लिखित मिति, स्थान र समयमा देहायका विषयहरु उपर छलफल तथा निर्णय गर्ने प्रयोजनका लागि संस्थाको आ.ब.२०८०/०८१ को पन्ध्रौं वार्षिक साधारण सभाको आयोजना गर्ने निर्णय भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितिका लागि आमन्त्रण सहित जानकारी गराईन्छ । शेयरधनी महानुभावहरुको ठेगानामा विद्युतिय संचार माध्यमबाट समेत सूचित गरिने हुँदा कारणवश सो जानकारी प्राप्त नभएमा यसै सूचनालाई आधारमानी सो सभामा अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।

**सभा बस्ने मिति, स्थान र समय:**

**मिति :** २०८१ पौष २७ गते शनिबार (तदनुसार जनवरी ११, २०२५)
**स्थान :** Beijing Roast Duck Restaurant नयाँ, बानेश्वर, काठमाडौं ।
**समय :** दिउँसो १:०० बजे

**छलफलका विषयहरू:**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्युबाट प्रस्तुत प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।
२. सचिवबाट प्रस्तुत हुने आय व्यय बिवरण तथा आगामी वर्षको कार्ययोजना प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।
३. कोषाध्यक्षबाट प्रस्तुत हुने आर्थिक प्रगति प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।
४. लेखा समितिको प्रतिवेदन सहित आ.ब.०८०/०८१ को लेखा परीक्षण प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।
५. आ.ब.०८१/०८२ को लेखापरीक्षण गर्न लेखा परीक्षकको नियुक्ती र पारिश्रमिक तोक्ने ।
६. साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्न ८ जना शेयर सदस्यहरुको छनौट गर्ने ।
७. विविध ।

**संचालक समितिको आज्ञाले**
**(देवराज कटुवाल)**
**सचिव**


## MALAYSIA मा रोजगार

कम्पनी: FELDA PLANTATION MANAGEMENT SDN BHD — शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०८१/०९/०४ — चलानी नं.: ६०२२९५०७ — LT. No.:315492

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plantation Worker | 100 | 0 | स. काममा दक्ष | 1500 | ४५,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष १२ देखी १५ गते (27 to 30 December 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

A.N.S. ASSOCIATES PVT. LTD. ए.एन.एस.एशोशिएट्स प्रा. लि.
Boudha, Mahankal-06, Kathmandu, Nepal | Phone No. 01-5918472, 01-5918424
Mobile :9851089179/9812735209 E-mail : anspasang8125@gmail.com | Website : www.ansassociates.com.np
Govt. Lic. no.: 473/060/61



## कुवेतमा रोजगार

कम्पनी: The roof sweet&pastries companyl — शहर: Kuwait
पूर्व स्वीकृत मिति: २०८१/०९/४ — चलानी नं.: ६०२२९५०० — LT. No.: 315667

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners (Ladies) | 0 | 4 | सम्बन्धित काममा दक्ष | 110 | ४८,५०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaners (Male) | 2 | 0 | | 110 | ४८,५०८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुस १२ गते (27 December 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

ईभ नेपाल ओभरसिज प्रा. लि.
शान्तिनगर, काठमाडौं, , फोन नं.: ४१०७५२०, ४६२२४३६
Email : evenpl34@gmail.com | www.evenepaloverseas.com



## साउदीमा रोजगार

कम्पनी: KALPATARU PROJECTS INTERNATIONAL LIMITED — शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०८१/०९/०४ — चलानी नं.: ६०२२९८९७ — L.T. No.: 315696

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 50 | 0 | स. काममा दक्ष | 1000 | ३६,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: L&T HYDROCARBON SAUDI COMPANY — शहर: Dammam, KSA
पूर्व स्वीकृत मिति: २०८१/०९/०४ — चलानी नं.: ६०२२९९०४ — L.T. No.: 315756

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 100 | 0 | स. काममा दक्ष | 1000 | ३६,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: L&T HYDROCARBON SAUDI COMPANY — शहर: Dammam, KSA
पूर्व स्वीकृत मिति: २०८१/०९/०४ — चलानी नं.: ६०२२९९०२ — L.T. No.: 315757

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 50 | 0 | स. काममा दक्ष | 1000 | ३६,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: L&T HYDROCARBON SAUDI COMPANY — शहर: Dammam, KSA
पूर्व स्वीकृत मिति: २०८१/०९/०४ — चलानी नं.: ६०२२९९०५ — L.T. No.: 315758

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 100 | 0 | स. काममा दक्ष | 1000 | ३६,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: L&T HYDROCARBON SAUDI COMPANY — शहर: Dammam, KSA
पूर्व स्वीकृत मिति: २०८१/०९/०४ — चलानी नं.: ६०२२९९०६ — L.T. No.: 315759

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 100 | 0 | स. काममा दक्ष | 1000 | ३६,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष १२ गते (27 December 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Lulu International Pvt. Ltd.
Samakhushi-26, Kathmandu, Tel: 01-4987011 | 01-4970151
Mob.: 9851083549 | 9802087028 | 9818065184
Govt. Lic. No. 1035/072/073

मध्यान्ह
www.madhyanhadaily.com
५ पुस २०८१, शुक्रबार
20 December 2024, Friday

सम्पादकीय

## नीतिगत संशोधनकै खाँचो

नेकपा माओवादी केन्द्रको कोशी प्रदेश कमिटीले प्रतिनिधिसभाअन्तर्गतको सार्वजनिक लेखा समितिका सभापति ऋषिकेश पोखरेलको राजीनामा मागेको छ । बिहीबार विराटनगरमा पत्रकार सम्मेलन गरेरै माओवादी केन्द्रले लेखा समिति सभापति पोखरेलको राजीनामा मागेको हो । सहकारी बचत रकम अपलन मुद्दामा पोखरेलकी पत्नी अञ्जला कोइराला संलग्न देखिएकाले माओवादी नेताहरूले राजीनामा माग्दै आएका छन् । माओवादी नेताहरूले निष्पक्ष छानबिन गर्न लेखा समितिको सभापतिबाट पोखरेलले राजीनामा दिनुपर्ने तर्क गर्दै आएका छन् । राष्ट्रिय स्वतन्त्र पार्टीका नेताहरूले त पोखरेलमाथि छानबिनकै माग राख्दै आएका छन् । आफ्ना सभापति रवि लामिछानेमाथि राजनीतिक प्रतिशोधका आधारमा मुद्दा चलाउने तर कांग्रेसका उपसभापति धनराज गुरूङ र एमाले नेता पोखरेललाई जोगाउने काम भएको रास्वपा नेताहरूको तर्क छ ।

संसदीय छानबिन समितिले समेत कांग्रेसका गुरूङमाथि छानबिन गर्न सिफारिस गरेकाले प्रहरीले उनलाई सामान्य सोधपुछ गऱ्यो । तर, पोखरेलबारे कुनै ठोस निर्णय भएको देखिँदैन । पोखरेलमाथिको प्रश्न भने संसदीय समितिसम्मै पुगेको छ । राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा सांसदहरूले लेखा समितिका सभापतिमाथि प्रश्न गरेका थिए । ४ महिनादेखि समितिको बैठक नबसेको तर ९० वटा उजुरी संख्या पुगिसकेको सांसदहरूले बताएका छन् । राज्य संचालनलाई सन्तुलित बनाउन यो समितिको महत्त्वपूर्ण भूमिका रहने भएकाले सांसदहरूले उठाएका प्रश्न जायज छन् । तर, शीर्ष नेतृत्वबाट लेखा समितिका सभापति पोखरेल र लेखा समितिको निष्क्रियताबारे कुनै पहलकदमी लिएको देखिँदैन । यो आफैंमा सुशासनप्रति बेइमानी हो ।

विपक्षी दलहरूको माग जस्तै पोखरेलले राजीनामा गर्नुपर्छ अथवा पर्दैन भन्ने कुरा सरकारको नेतृत्व गरिरहेको नेकपा एमालेका नेताहरू सोच्नुपर्छ । प्रधानमन्त्री केपी शर्मा ओलीको सुशासनप्रतिको प्रतिबद्धतालाई यो प्रकरणले कस्तो असर गरिरहेको छ भन्नेमा पनि विचार गरिनुपर्छ । अरू संवैधानिक निकाय र सांसदहरूले आफ्नो भूमिकाबारे सोच्नुपर्छ । तर, त्यो भन्दा पनि महत्त्वपूर्ण त लेखा समितिको सभापतिबारे नीतिगत प्रबन्धमै पुनर्विचार आवश्यक देखिन्छ किनकि नीतिगत प्रबन्धमै परिवर्तन नगरेसम्म लेखा समिति प्रभावकारी हुने देखिँदैन । जस्तो कि संसदीय समितिका सभापति चयन भइरहँदा प्रमुख विपक्षमा रहेका दलले लेखा समितिको सभापति पाउने तर बीचैमा सत्ता परिवर्तन हुने गरेको छ । यसले सत्तारूढसँगै लेखा समितिको सभापति पनि रहने प्रवृत्तिले निरन्तरता पाउँदै आएको छ । त्यसैले अहिले पोखरेलमाथि उठेका प्रश्नहरूको हलसँगै लेखा समिति सभापतिबारे आवश्यक नीतिगत संशोधनमा पनि पहल गरिनु राम्रो हुन्छ ।

# नेपालको अर्थतन्त्र र घरेलु उद्योग

*साना तथा घरेलु उद्योगले विप्रेषणले जस्तो तत्कालीन रूपमा मात्र लाभ नदिई दीर्घकालीन रूपमा हाम्रो अर्थतन्त्रलाई अगाडि बढाउन सहयोग गर्छ । यस्ता उद्योगहरू बलिया हुँदै गएमा हाम्रो अर्थतन्त्र पनि वास्तविक अर्थमा बलियो हुँदै जान सम्भव हुन्छ*

अग्रलेख



● रूपा अर्याल

नेपाल जस्तो मुलुकका निम्ति साना तथा घरेलु उद्योगको निकै महत्त्व छ । यस्ता उद्योगले पिँधदेखि नै हाम्रो अर्थ संरचनालाई बलियो बनाउन मद्दत गर्छन् । हामी अर्थतन्त्र उकास्न सहकारीको कुरा गर्छौं । सहकारीले तल्लो इकाइदेखि नै अर्थतन्त्रको संरचनालाई बलियो बनाउँदै आएको पाइन्छ ।

त्यस्तै, घरेलु तथा साना उद्योगले पनि तल्लो इकाइदेखि नै हामीलाई आत्मनिर्भरताको अभ्यासमा लैजान मद्दत गर्छ । ग्रामीण क्षेत्रले भरिएको र आर्थिक हिसाबले निम्न र मध्यम वर्गहरूको बाहुल्य रहेको हाम्रो जस्तो देशमा यसले निकै नै सहयोग गर्न सक्छ । अहिलेको अवस्थालाई हेऱ्यौं भने पनि ग्रामीण क्षेत्रको मुख्य आर्थिक आधारका रूपमा यी उद्योगहरू रहेका पाउँछौं । रोजगारी र स्थानीय उत्पादन प्रवर्द्धनमा यस्ता उद्योगहरूले महत्त्वपूर्ण भूमिका खेलेका छन् ।

हस्तकला, धागो, काठका सामग्री, कृषि उत्पादनको प्रशोधन र घरेलु वस्त्र जस्ता उद्योगहरूले आर्थिक गतिविधि चलायमान राख्न सहयोग पुऱ्याएका छन् । राज्यले व्यवस्थित नगर्दा नगर्दै पनि यसबाट लाखौंले रोजगारी मात्र पाएका छैनन्, दिगो आर्थिक विकासमा पनि सहयोग पुऱ्याइरहेका छन् ।

अहिले हाम्रो अर्थतन्त्रमा विप्रेषणको विषय सबैभन्दा केन्द्रमा छ । हुन पनि विप्रेषणले हाम्रो अर्थतन्त्रको मुख्य हिस्सा ओगटेको छ । यद्यपि, अर्थतन्त्रलाई तत्कालका लागि राहतको रूपमा विप्रेषण सहयोगी भए पनि यसले दीर्घकालीन रूपमा हामीलाई सहयोग गर्दैन बरु यसले उल्टै हामीलाई परनिर्भर बनाउन भूमिका खेल्छ । विप्रेषणबाट आएको पैसा कहाँ गएको छ भन्ने खोजी गऱ्यौं भने भेट्न सक्छौं ।



यद्यपि, हामीले चर्चा गरिरहेको साना तथा घरेलु उद्योगले भने विप्रेषणले जस्तो तत्कालीन रूपमा मात्र लाभ नदिई दीर्घकालीन रूपमा हाम्रो अर्थतन्त्रलाई अगाडि बढाउन सहयोग गर्छ । यस्ता उद्योगहरू बलिया हुँदै गएमा हाम्रो अर्थतन्त्र पनि वास्तविक अर्थमा बलियो हुँदै जान सम्भव हुन्छ ।

आज किन हामी श्रीलंकाको कुरा गर्दै छौं ? किन हामी मध्यपूर्वमा संकट बढ्दै छ भनेर तर्सिन्छौं ? खासमा यसको कारण विप्रेषण हो । हाम्रो अर्थतन्त्रको तत्कालीन संरचना हो यो, जसले हामीलाई तर्साइरहेको छ ।

त्यस कारण दिगो आर्थिक विकासका लागि हामीले आत्मनिर्भर हुनेगरी अर्थतन्त्रको निर्माण गर्नुपर्छ, जसका निम्ति साना तथा घरेलु उद्योग नै हाम्रो सन्दर्भमा सबैभन्दा सहयोगी हुन सक्छन् । हामीले भारतमा गान्धीले चलाएको 'चर्खा आन्दोलन'लाई बिर्सन हुँदैन ।

तर, यसो भनिरहँदा हामीले हाम्रा उद्योगहरूको अवस्था हेऱ्यौं भने निकै दर्दनाक भेट्छौं । हाम्रा यी उद्योगहरू चुनौतीहरूको पहाडले थिचिएका छन् । एकातिर यस्ता उद्योगमा वित्तीय स्रोतको चरम अभावमा छन् भने अर्कातिर आधुनिक प्रविधिको कमी मात्र छैन, बजार व्यवस्थापनमा पनि चाङका चाङ चुनौती छन् ।

साथै, बाह्य मल्टिनेसनल उद्योगहरूबाट भएको प्रतिस्पर्धाले पनि यी साना उद्योगहरू किचिएका छन् । साना उद्योगहरूको उत्पादनले बजार पाउने अवस्था बनिरहेको छैन । 'कस्मेटिक' हुन नसक्दा धेरै उत्पादन उपभोक्ताको बीचमा परिचित हुन सकिरहेका छैनन् ।

अहिलेको सन्दर्भमा यस्ता उद्योगको संरक्षण र प्रवर्द्धनका लागि सरकारबाट खास प्रयास हुन सकेको पाइँदैन । भएका प्रयासहरू प्रभावकारी छैनन् । सरकारले यस्ता उद्योगहरूको विकासका लागि रणनीतिक रूपमा कार्यक्रम बनाउनुपर्छ ।

रणनीतिक रूपमा यस्ता उद्योगहरूलाई विकास गर्न प्राविधिक सहयोग, वित्तीय सहायता र बजारीकरणको कार्यक्रम ल्याउनुपर्छ, जसमा सरकार देखिनेगरी आउन सकेको छैन । समग्रमा, यी उद्योगहरूलाई सही दिशामा प्रोत्साहन गर्न सकेमा ग्रामीण अर्थतन्त्र र राष्ट्रिय उत्पादनमा ठूलो योगदान गर्न सक्ने सम्भावना छ ।

**साना तथा घरेलु उद्योगको महत्त्व**

**रोजगारी सिर्जना :** साना तथा घरेलु उद्योगहरूले धेरै मानिसहरूलाई रोजगारी उपलब्ध गराएको छ । विशेषगरी ग्रामीण क्षेत्रमा खोलिएका यस्ता उद्योगहरूले बेरोजगारी समस्या समाधान गर्न पनि सहयोग पुऱ्याइरहेको छ ।

साथै, कच्चा पदार्थ पनि गाउँ ठाउँकै भरसक उपयोग गर्ने गरेको पाइन्छ, जसले थप अर्को रोजगारी सिर्जना गराउँछ । जस्तो : कपडा उद्योग खुलेमा त्यससँग सम्बन्धित अन्य कृषिजन्य कामहरू फस्टाउन सक्छन् । थुप्रैले कपासको खेती गर्न सक्छन् । यसबाट अर्को रोजगारीको शृंखला पनि सुरु हुन सक्छ ।

**आर्थिक विकासमा योगदान :** ग्रामीण क्षेत्रको आर्थिक गतिविधि बढाउन साना उद्योगहरूले महत्त्वपूर्ण भूमिका खेल्छन् । यसले स्थानीय स्रोतहरूको उपयोग गरी उत्पादनलाई प्रोत्साहन गर्छ, जसले दिगो स्वरूपमा पनि अगाडि लैजान मद्दत गर्छ ।

सँगै यस्ता उद्योगले गाउँ ठाउँमा आर्थिक गतिविधिलाई बढवा दिन्छन् । गाउँ ठाउँमै विकास निर्माणका कामहरू बढ्न थाल्छन् । आज हाम्रा गाउँहरू किन विकास भएनन् ? मानिसहरू किन शहर केन्द्रित बने भन्ने विषयको कारण खोज्यौं भने यी उद्योगहरूको संरक्षण गर्ने नीति अवश्य बनाउने छौं ।

**गरिबी निवारण :** आज नेपालको अधिकांश ग्रामीण भेगमा बस्ने नागरिकहरू आर्थिक हिसाबले निम्न स्तरका छन् । उनीहरूको वर्ग उत्थान अहिलेकै अभ्यासले हुन सम्भव छैन । यदि घरेलु उद्योगले व्यापकता पाएमा उनीहरूको जीवनस्तर उकास्न निकै मद्दत मिल्ने छ । न्यून आय भएका परिवारहरूलाई आयआर्जनको अवसर मिल्ने छ । यसले आयमा वृद्धि गरी गरिबी न्यूनीकरण गर्न मद्दत गर्छ ।

**महिला सशक्तीकरण :** हाम्रो नेपाली समाजको अवस्था केलायौं भने अधिकांश महिलाहरू घरकै काममा सीमित हुनु परिरहेको छ । साथै, उनीहरू देखिनेगरी आयआर्जनका स्रोतमा जोडिन सकेका छैनन्, जसका कारण उनीहरूको सशक्तीकरणको सवाल पनि गम्भीर बन्दै गएको छ ।

यदि घरेलु उद्योग फस्टाउन सकेमा त्यसले महिला सशक्तीकरणमा पनि भूमिका खेल्ने छ किनकि घरेलु उद्योगमा महिलाहरूको व्यापक सहभागिता हुन्छ । यसले महिलाहरूलाई आर्थिक रूपमा आत्मनिर्भर मात्र बनाउँदैन, सामाजिक रूपमा सशक्त पनि बनाउने छ ।

**सांस्कृतिक संरक्षण :** घरेलु उद्योगहरूले परम्परागत हस्तकला, कलाकृति र सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धनमा पनि भूमिका खेल्छन् । आज हामी किन हाम्रै उत्पादन बिर्सिंदै गएका छौं ? किन हामी विदेशी उत्पादनलाई प्रयोग गर्न प्रोत्साहित छौं ? यसले एकातिर हाम्रै कलाकृतिलाई संरक्षण गरेको छैन भने अर्कातिर सो विषयसँग जोडिएका सांस्कृतिक गतिविधिलाई पनि कमजोर बनाएको छ । यदि घरेलु उद्योगहरू फस्टाउने अवस्था भएमा हाम्रा सांस्कृतिक धरोहरहरूको पनि संरक्षण हुने छ ।

**समस्या र चुनौतीहरू**

साना तथा घरेलु उद्योगहरूबाट थुप्रै फाइदाहरू छन् भन्ने व्याख्या गरिरहँदा अहिलेको सन्दर्भमा भएका समस्या र चुनौतीलाई पनि बेवास्ता गर्न मिल्दैन । यसका समस्या र चुनौतीहरूलाई जबसम्म सम्बोधन गर्दैनौं, तबसम्म यो क्षेत्रलाई अगाडि बढाउन सक्दैनौं । यसका निम्ति उल्लेखित विषयहरूलाई सम्बोधन गर्न आवश्यक देखिएको छ ।

अहिले घरेलु तथा साना उद्योगहरूकम पुँजी र वित्तीय स्रोतको चरम अभाव छ, जुन विषयलाई सम्बोधन नगर्दासम्म उद्योगहरू फस्टाउने अवस्था रहँदैन । यसका निम्ति राज्यले नै विशेष कार्यक्रम नै बनाउनुपर्ने देखिएको छ ।

हाम्रा परम्पराको संरक्षणको कुरा गरिरहँदा आधुनिक प्रविधिलाई पनि बिर्सन हुँदैन । हामी आधुनिकतासँगै अगाडि बढेमा मात्र अगाडि बढ्न सम्भव छ । यसका निम्ति आधुनिक प्रविधिलाई उपयोग गर्ने अवस्था बन्नुपर्छ । घरेलु उद्योगहरूको विकास गर्न प्रविधिलाई पनि सँगै जोड्ने कार्यक्रम बनाउन आवश्यक छ ।

अहिले हाम्रो अर्को ठूलो समस्या बजार व्यवस्थापनको पनि हो । घरेलु तथा साना उद्योगका उत्पादित वस्तुहरू 'कस्मेटिक' खालका नहुनु र लागत बढी हुँदा सामान्य मानिसले खरिद गर्ने अवस्था नहुनु समस्याको रूपमा रहेको छ । साथै, यसको 'नेटवर्क' राम्रो नहुँदा पनि समस्या छ, जसलाई बजारीकरण गर्ने सन्दर्भमा सरकारले सहयोग गर्नुपर्छ ।

**निष्कर्ष**

नेपालमा साना तथा घरेलु उद्योगहरूको विकासले ग्रामीण र समग्र राष्ट्रिय विकासलाई गति दिन्छ । तसर्थ, सरकार, निजी क्षेत्र र गैरसरकारी संस्थाहरूले सहकार्य गरी यी उद्योगहरूको प्रवर्द्धन गर्न आवश्यक छ ।

विशेषगरी वित्तीय सहयोग, प्राविधिक तालिम र बजार विस्तारमा ध्यान दिनु जरुरी छ । सरकारले रणनीतिक रूपमा यस्ता उद्योगहरूको विकास गर्नेगरी कार्यक्रम बनाउन आवश्यक छ । यदि तल्लो इकाइदेखि नै विकासको एजेन्डामा काम गर्ने हो भने सरकारले स्पष्ट भएर घरेलु तथा साना उद्योगलाई अगाडि बढाउने नीति अगाडि सार्नुपर्छ । यो क्षेत्रमा भएका समस्यालाई हटाउँदै अगाडि बढ्नुपर्छ ।

## सामाजिक सञ्जाल



**नवराज पन्त**

एलन मस्कको सम्पत्ति ४४२ अर्ब डलर पुग्यो । यो ५७ वटा साना देशको जीडीपी बराबरको सम्पत्ति हो । अब यस्ता डलर अर्बपतिहरूले जुनसुकै देशको राजनीति पनि प्रभावित हुन सक्छ । डलर अर्बपतिहरूको लगानी क्रिप्टोमा छ, जसलाई हावामा उड्ने पैसा भनिन्छ । लुटिनेचाहिँ गरिब देशका भुइँमान्छे मात्र हुन् ।



**शरदराज पाठक**

भैंसीको मासु निर्यातबारे चीनसँग भएको सम्झौताबारे अलि विस्तृतमा कहाँ पढ्न पाइएला ? आमकृषकले यो सम्झौता मुताबिक मासु निर्यात योग्य हुनेगरी पाडा पालन गर्न के गर्नुपर्ने हो ? यसमा सबै इच्छुक कृषक कसरी जोडिन सक्छन् ? राज्यको भूमिका के-कस्तो हुने छ ? विस्तृतमा बुझाउने सामग्री भेटिएन ।



**राजेन्द्र दाहाल**

कुरा के हो ? यता पर्याप्त उत्पादन भएको बेला भारतले बिजुली लान आनाकानी गऱ्यो अनि अहिले यहाँ खाँचो पर्दा उताबाट बिजुली दिन मानिरहेको छैन । त्यही भारतबाट खर्बौंको पेट्रोलियम आयात गर्नको लागि अर्बौं रुपैयाँ लाग्ने पाइपलाइन निर्माणलाई यताको सरकारले उच्च प्राथमिकता दिइरहेको छ ।



**रञ्जित तामाङ**

देशको अर्थतन्त्र कता जाँदै छ भनेर जान्न दैनिक पत्रिका हेरे पुग्छ । एकातिर दिनदिनै कयौं लिलामीका अत्यासलाग्दा सूचना, अर्कातिर त्यही सूचना मात्रै छापेर बाँच्नुपर्ने घिडघिडो अवस्थाका दैनिक पत्रिकाहरू । सिंगै देशले मसानघाटमा लास लैजाँदा फाल्ने टिला टिपेर गुजारा चलाइरहेझैं लाग्छ ।

## इतिहासमा आज

२० डिसेम्बर १८३० मा बेलायत, फ्रान्स, अष्ट्रिया र रुसले बेल्जियमलाई मान्यता दिएका थिए ।



२० डिसेम्बर १९६३ मा जर्मनीले बर्लिनको ढोका पहिलो पटक पश्चिम बर्लिनवासीका लागि खुला गरेको थियो ।



२० डिसेम्बर १९९० मा भारत र पाकिस्तानले एकअर्कामाथि परमाणु आक्रमण नगर्ने विषयमा सहमति गरेका थिए ।



२० डिसेम्बर १९५१ मा ओमान र बेलायतका बीच सम्झौतापछि ओमान स्वतन्त्र भएको थियो ।



# नेताहरूलाई प्रश्न नगर्ने दिन आउला ?

टिप्पणी



● शिव विक 'मिलन'

नेताहरूमा सधैं प्रश्न उठ्नुको प्रमुख कारण उनीहरूको भूमिकाको महत्त्व र त्यसको प्रभाव हो । नेता, जनता र राष्ट्रका लागि उत्तरदायी हुन्छन्, जसका कारण उनीहरूको प्रत्येक निर्णय, काम र व्यवहारको समीक्षा गरिन्छ ।

प्रायः नेताहरूले चुनावका बेला गरेका वाचाहरू पूरा नगर्दा, जनतालाई लाभ पुग्ने कार्यक्रमहरू कार्यान्वयन गर्न नसक्दा र भ्रष्टाचार जस्ता गतिविधिमा संलग्न हुँदा उनीहरू आलोचित हुने गर्छन् ।

लोकतान्त्रिक प्रणालीमा जनताले नेताहरूलाई सधैं निगरानीमा राख्ने अधिकार राख्छन् । तर, नेपाल जस्ता देशहरूमा पारदर्शिताको अभाव, सत्ता प्राप्तिका लागि गरेका अस्वस्थ प्रतिस्पर्धा र पार्टी स्वार्थ प्राथमिकतामा परेका कारण नेताहरूको छवि कमजोर बन्दै गएको छ । यसले गर्दा उनीहरूप्रति अविश्वास पैदा भई प्रश्नहरू थप बलिया बन्न पुगेका छन् ।

यद्यपि, नेताहरूलाई प्रश्न गर्नु केवल उनीहरूको आलोचना गर्नका लागि होइन, जिम्मेवार र उत्तरदायी बनाउने एक प्रक्रियासमेत हो । यसले नीतिहरू सुधार्न, जनताको आवश्यकता सम्बोधन गर्न र नेतृत्वलाई पारदर्शी तथा प्रभावकारी बनाउन मद्दत गर्छ । त्यसैले नेताहरूमा प्रश्न उठ्नु स्वस्थ लोकतन्त्रको एउटा महत्त्वपूर्ण हिस्सा हो ।

नेताहरूलाई सधैं प्रश्न उठाउनुका केही मुख्य कारणहरू छन्, जुन प्रायः नेतृत्व, पारदर्शिता र जनताप्रतिको उत्तरदायित्वसँग सम्बन्धित हुन्छन् ।

**उत्तरदायित्व :** नेता जनता र राष्ट्रका लागि जिम्मेवार हुने भएकाले उनीहरूले गरेका काम, नीतिहरू र निर्णयहरूको परिणामले जनतामा प्रत्यक्ष प्रभाव पार्छ । त्यसैले उनीहरूलाई प्रश्न गर्नु लोकतन्त्रको अनिवार्य हिस्सा हो ।

**भ्रष्टाचार र अनियमितता :** विशेषगरी नेपालमा भ्रष्टाचार र अनियमितताका कारण नेताहरूको छवि कमजोर बनेको छ । ठूला योजनाहरू, बजेट र सरकारी कोषको दुरुपयोगका घटनाले जनतालाई नेताहरूप्रति विश्वास घटाएको छ । उनीहरूमाथि प्रश्न उठ्नुको कारण पनि उनीहरूमाथि लाग्ने आरोपहरू हुन् ।

**झुट वाचा :** नेताहरूले चुनावका बेला विभिन्न वाचा गर्छन् तर त्यसलाई पूरा गर्न नसक्दा जनताले उनीहरूप्रति शंका व्यक्त गर्छन् । बेरोजगारी, विकासको अभाव र रोजगारीका अवसरहरू जस्ता मुद्दामा ध्यान नदिँदा प्रश्न उठ्नै पर्छ । यदि प्रश्न नउठाएमा उनीहरू थप झुट कुरा गर्न माहिर हुने परम्परा हामीकहाँ बसिसकेको छ ।

**पारदर्शिताको कमी :** सार्वजनिक पदमा बसेका व्यक्तिहरूले आफ्नो निर्णय र कामप्रति स्पष्ट हुनुपर्छ । तर, गोपनीयता, अपारदर्शिता र जनतालाई जानकारी नदिने प्रवृत्तिले नेताहरू आलोचनाको केन्द्र बन्छन् । हाम्रो सन्दर्भमा अवस्था निकै समस्याग्रस्त छ । नेतृत्वमा पारदर्शिताको निकै खडेरी देखिन्छ ।

**सत्ता र शक्ति केन्द्रितता :** धेरै नेताहरू व्यक्तिगत लाभका लागि सत्ता उपयोग गर्छन्, जसले जनताको विश्वास खस्किन्छ । नीतिहरू बनाउँदा व्यक्तिगत वा पार्टी स्वार्थलाई प्राथमिकता दिने प्रवृत्तिले प्रश्न उठ्छ ।

**लोकतन्त्रको बलियो आधार :** लोकतन्त्रमा जनताले नेताहरूलाई चुनौती दिनु र प्रश्न गर्नु अत्यन्त आवश्यक छ । यसले नेतृत्वलाई सही बाटोमा अघि बढ्न सहयोग गर्छ । यदि जनताले चुपचाप सहेर बस्यो भने शासनमा दुरुपयोग हुने सम्भावना बढ्छ ।

निष्कर्षमा, नेताहरूलाई प्रश्न गर्नु भनेको उनीहरूको आलोचना मात्र होइन, सही काम गर्न उत्प्रेरणा दिने माध्यम पनि हो । यसले नागरिक चेतना बढाउँछ र लोकतान्त्रिक शासन प्रणालीलाई बलियो बनाउँछ । यदि प्रश्न नगर्ने हो भने उनीहरूले सच्चिने अवसर पनि पाउँदैनन् ।

उनीहरूलाई जिम्मेवारीप्रति सजग बनाइरहन पनि प्रश्न गरिरहनुपर्छ । विकसित देशमा पनि नेताहरू बिग्रिएका घटनाहरू छरपस्ट भेट्छौं तर नेपाल जस्तो देशमा यस्ता घटना सामान्य बन्ने गरेका छन् । यदि उनीहरूलाई सच्याउन पनि जनताले प्रश्न गर्नुपर्छ । प्रश्नलाई जायज मान्ने अवस्था बन्नुपर्छ । प्रश्न उठ्नुलाई स्वाभाविक ठान्नुपर्छ ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

# कालीकोटको तिलागुफा साक्षर पालिका घोषित



**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, ४ पुस

कालीकोटको तिलागुफा नगरपालिकालाई साक्षर घोषणा गरिएको छ । बिहीबार कर्णाली प्रदेशका सामाजिक विकास मन्त्री घनश्याम भण्डारीको सहभागितामा साक्षर पालिका घोषणा गरिएको हो । तिलागुफा कालीकोटको सातौं साक्षर पालिका घोषणा भएको हो । अब सन्नित्रीवेणी नगरपालिका र खाँडाचक्र नगरपालिका साक्षर घोषणा हुन बाँकी छन् ।

राष्ट्रिय जनगणना २०७८ अनुसार तीलागुफाको जनसंख्या १६ हजार १९७ रहेको छ । नगरपालिकामा ३६ सामुदायिक विद्यालय छन् । साक्षर पालिका घोषणा गर्ने अभियानअन्तर्गत ११ वटै वडामा सामुदायिक सिकाइ केन्द्रमार्फत निरक्षर विवरण अनुसार तथ्यांक संकलन गरिएको थियो । जसअनुसार एक हजार ६६ जन निरक्षर रहेका छन् ।

घोषणाका आधार तोकिएका १२ सूचकमध्ये ९५ प्रतिशत पूरा गरेपछि साक्षर पालिका घोषणा गरिएको नगरप्रमुख शंकरप्रसाद उपाध्यायले बताए । उनका अनुसार नगरपालिकाले साक्षर अभियानअन्तर्गत सञ्चालन गरेका क्रियाकलापको निरन्तरता, सीपसँग जोड्न, सिकाइलाई निरन्तर प्रक्रियाका रूपमा लिने र आगामी आर्थिक वर्षहरुमा निश्चित बजेट विनियोजन गरिनेलगायतका प्रतिबद्धता जनाइएको छ । तिलागुफालाई आर्थिक वर्ष २०८३/८४ मा पूर्ण साक्षर घोषणा गर्ने लक्ष्य लिइएको छ ।

मन्त्री घनश्याम भण्डारीले साक्षर नगरपालिका घोषणासँगै पाठ्यक्रम र पाठ्यवस्तुमा लेखिएका विषयवस्तुलाई व्यावहारिक जीवनमा लागू गर्न उत्पादनशील क्षेत्रमा केन्द्रित हुनुपर्ने धारणा राखे । त्यसका लागि प्रमुख पर्यटकीय स्थल रारा जाने बाटोमै रहेको कालीकोटमा पर्यटन र जडीबुटीको क्षेत्रमा थुप्रै सम्भावना रहेको उनले बताए । त्यसको कार्यान्वयनमा स्थानीय तहहरुले महत्वपूर्ण भूमिका खेल्ने उनले जानकारी दिए ।

नेताहरुप्रति हेर्ने दृष्टिकोण नकारात्मक हुनुको कारणबारे प्रस्ट्याउँदै निर्वाचित जनप्रतिनिधिले गाउँ समाज बनाउन ध्यान केन्द्रित हुनुपर्ने बताए । अधुरा अपुरा योजना सम्पन्न गराउन विवरण माग गरिरहेको बताए । जिल्ला समन्वय समिति प्रमुख रञ्जित शाहीले स्वास्थ्य, शिक्षालाई नैसर्गिक अधिकार भनिए अनुरुप कार्यान्वयनमा सबै तहका सरकार कटिबद्ध हुनुपर्ने बताए । उनले वस्तुस्थिति अनुसार यहाँका नागरिकलाई साक्षर बनाइ समृद्ध नेपाल निर्माणमा टेवा पुग्ने विश्वास व्यक्त गरे ।

# अदालतको आदेश उल्लंघन गर्दै वडा कार्यालय भवन निर्माण गरिँदै

**प्रदीप सिंह/मध्यान्ह**
सिरहा, ४ पुस



लहान नगरपालिका वडा नं.२ मा अदालतको आदेश उल्लंघन गर्दै वडा कार्यालय भवन निर्माण कार्य अघि बढाइएको छ । स्थानीय भुपेन्द्रप्रसाद यादवको नाममा रहेको कित्ता नम्बर ९१० को निजी जग्गामा विवादास्पद रूपमा भवन निर्माण कार्य थालिएपछि स्थानीयहरूले विरोध जनाएका छन् ।

यसअघि, जिल्ला अदालत सिरहाले उक्त जग्गामा कुनै पनि संरचना निर्माण नगर्न भन्दै यादवको पक्षमा फैसला गरेको थियो । तर वडाध्यक्ष शिया राम यादवले अदालतको आदेशको अवज्ञा गर्दै निर्माण कार्य जारी राखेको स्थानीयहरूको आरोप छ । स्वास्थ्य चौकी निर्माणका लागि २२५ कित्ता नम्बरको सार्वजनिक जग्गा देखाइएको भएपनि वास्तविक रूपमा यादवको निजी सम्पत्ति उपयोग गरिएकाले विवाद उत्पन्न भएको हो । स्थानीय बिन्देश्वर महतो भन्छन्, 'सरकारी प्रयोजनका लागि सार्वजनिक जग्गा उपयोग गर्नुपर्नेमा, निजी सम्पत्तिमा संरचना निर्माण गर्नु गलत हो ।' स्थानीयले निर्माण कार्य तुरुन्त रोक्न माग गर्दै लहान नगरपालिकामा सामूहिक निवेदन दर्ता गराएका छन् ।

साथै विभिन्न राजनीतिक दलका प्रतिनिधिहरूको हस्ताक्षरसहित प्रेस विज्ञप्ति वडा कार्यालयमा बुझाए पनि कुनै पहल नभएको स्थानीयहरूको भनाइ छ ।

वडाध्यक्षले स्थानीयको भावना र अदालतको आदेश दुवैको बेवास्ता गरेर मनोमानी गरेको स्थनीयहरूको भनाइ छ । यदि तुरुन्त निर्माण कार्य नरोकिए आन्दोलन चर्काउन बाध्य हुने उनीहरू बताउँछन् ।


## शिलवन्दी दरभाउपत्र प्रक्रियाबाट वन पैदावार विक्रिको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०८१/०९/०५**

यस सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बर्दियाको च.नं. ११८४ मिति २०८१/०९/०३ को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरु मध्ये समूहमा आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरुलाई डिभिजन वन कार्यालय बर्दियाको मिति २०८१/०९/०३ गतेको आन्तरिक र बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका सिसौं जातका गोलिया ए ग्रेडको ११ थानको ५७.६७ क्यू.फि. र बी ग्रेडको १०१ थानको २७४.५६ क्यू.फि. काठ र सिसौं/टिक दाउरा १ चट्टालाई हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक वन पैदावारको लिलाम बिक्रिमा भाग लिनका लागी डिभिजन वन कार्यालयमा सुचिकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र खरिद गरि २२औं दिनको दिउँसो १२:३० बजेभित्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

**श्री भालुफाँटा सामुदायिक वन उपभोक्ता समूह**
**राजापुर न.पा.- ७, बर्दिया**

## कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस Sunera Nepal Incorporated Pvt. Ltd. (**श्रम इजाजत पत्र नं. ३६७/०५९/०६०**) मा कार्यरत निम्न कर्मचारीहरु यस कम्पनीमा नरहेको व्यहोरा सर्वसाधारणको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ । साथै निजहरुसँग यस कम्पनीको हैषियतमा कोही कसैले यस कम्पनीसँग सम्बन्धित कुनै पनि किसिमको कारोबार नगर्नु/नगराउनु होला । यदि गरे गराएमा यस कम्पनी जवाफदेही नहुने व्यहोरा पनि यसै सूचनाद्धारा जानकारी गराइन्छ । साथै कोही कसैको केही गुनासो भएमा यस कम्पनीको कार्यालय वा वैदेशिक रोजगार विभाग, ताहाचल, काठमाण्डौंमा ७ दिनभित्र सम्पर्क गर्नु हुन यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

| सि.नं. | नाम | पद | नागरिकता नं. |
|---|---|---|---|
| १. | Padam Sunar | Documentation Incharge | 14141036/108923 |
| २. | Ramita Dangol | Accountant | 273025/70 |
| ३. | Tulsi Rana Magar | Receptionist | 63-01-75-00975 |
| ४. | Chanda Shrestha | Office Girl | 63260 |

Govt. Lic No. 367/059/060
SUNERA NEPAL INCORPORATED PVT. LTD.
Post Box No: 19023, Maharajgunj- 03, Basbari, Kathmandu, Tel.:01-5908134, 01-5908135
Email ID: info@suneranepal.com.np, Website: www.suneranepal.com.np

## क्लासिक भ्यु रिसोर्ट लिमिटेड
बुढानिलकण्ठ, काठमान्डौ, नेपाल

### तेस्रो वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

**प्रकाशित मितिः २०८१/०९/०५**

यस कम्पनीको मिति २०८१/०९/०१ गते सोमबार बसेको संचालक समितिको बैठकले निर्णय गरे अनुसार यस कम्पनीको तेस्रो वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१. सभा हुने मिति, स्थान र समय**

**मिति :- २०८१ साल पुस २६ गते (जनवरी १०, २०२५) शुक्रवार**
**स्थान :- क्लासिक भ्यु रिसोर्ट परिसर, बुढानिलकण्ठ**
**समय :- दिनको ११:०० बजे**

**२. छलफलका विषयहरु :**

**क. साधारण प्रस्तावहरु**

१. आ.व. २०८०/८१ को संचालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात र मिति २०८०/०४/०१ देखि २०८१/०३/३१ सम्मको नाफा नोक्सानीको हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु छलफल गरी पारित गर्ने ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८१/८२ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. पुनर्गठित संचालक समिति अनुमोदन गर्ने ।

**ख. विशेष प्रस्ताव:**

१. सर्वसाधारणमा शेयर निष्काशन गर्ने सम्बन्धमा ।
कम्पनीको प्रबन्धपत्र तथा निमावली संशोधन स्वीकृतिको क्रममा सम्बन्धित नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न संचालक समितिलाई वा संचालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

**ग. विविध**

**साधारण सभा सम्बन्धी अन्य जानकारी**

१. वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर प्रमाणपत्र वा संस्थाको चिठ्ठी सहित आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ ।
२. शेयरधनी महानुभावहरुको उपस्थिति पुस्तिकामा दस्तखत गर्न विहानको ९:३० वजे देखि शेयरधनी उपस्थिति पुस्तिका खुल्ला गरिने छ ।
३. साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानूनले तोकेको ढांचामा प्रतिनिधिपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगाडि कम्पनीको रजिष्टर्ड कार्यालय बुढानिलकण्ठ, काठमान्डौंमा, दर्ता गराई सक्नु पर्नेछ । एकभन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी तथा अन्य कुनै किसिमवाट छुट्याई प्रोक्सी दिन पाइने छैन, यसरी दिइएको प्रोक्सी बदर हुनेछ । एक जना शेयरधनीले एकभन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ । तर, प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनीले प्रतिनिधि फेरवदल गर्न चाहेमा यस अघि दिएको प्रतिनिधिपत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधिपत्र (प्रोक्सी) लाई मान्यता दिइयोस् भन्ने छुट्टै पत्र सहित प्रोक्सी फाराम कम्पनीको मुख्य कार्यालयमा सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै दर्ता गराएको अवस्थामा अघिल्लो प्रतिनिधिलाई स्वतः बदर भएको मानी पछिल्लो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिइने छ । प्रतिनिधि नियुक्त गरी सकेको शेयरधनी आफै सभामा उपस्थित भई हाजिर पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ ।

**कम्पनी अध्यक्ष**
**मुकुन्द राज कुँवर**

## कुवेतमा रोजगारको अवसर | कम्पनी : FUTURE KID ENTERTAINMENT & REAL ESTATE CO. शहर : KUWAIT

पूर्व स्वीकृत मितिः २०८०/०२/१६ | चलानी नं.: ६०२०२१९६ | L.T. No.: 286837 | पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 27 | 0 | सम्बन्धित काममा दक्ष | 110 | ४८,५०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Helper | 0 | 15 | | 110 | ४८,५०८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुस १२ र १३ गते (27 & 28 December 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. २९९/०५८/५९
**इम्प्लोयमेन्ट लिंक नेपाल प्रा.लि.**
१७१ चेतनशिल मार्ग, कपुरधारा-२६, काठमाडौं, फोन नं. ०१-४३७२६९८, ४३७१३६५
E-mail: employmentlinknepal.document@gmail.com / Website : employmentlinknepal.com

## धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, भैरहवा शाखाको १५ दिने सार्वजनिक सूचना ।।

**(प्रकाशित मिति : २०८१/०९/०५ गते)**

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८० माघ २८ गतेको अन्नपूर्ण पोस्ट् राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएकोले **मिति २०८१ भदौ १५ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा** धितो लिलाम बिक्री गर्ने सम्बन्धी **२१ दिने सूचना प्रकाशित** गर्दा समेत कसैको पनि बोलकबोल नपरेको साथै उल्लिखीत सूचनाको समयसिमा भित्र समेत ऋणीले कर्जा चुक्ता भुक्तान नगरेको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखीत धितोमा रहेको सम्पत्ति खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा शाखा कार्यालयमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिंदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तीको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीं कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगाावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने ब्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिलः**

**ऋणीको नाम र ठेगाना :**

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. ११४५०८/०७०/०७१ कायम भई मिति २०७०/०४/१३ मा दर्ता भएको कपिलवस्तु जिल्ला, हथौसा गा.वि.स वडा नं. ०२ स्थित **मारुतीनन्दन एग्रो इण्डष्ट्रिज प्रा. लि. ।**

**व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :**

| | |
|---|---|
| १ | चिन्नी लाल वनियाको नाति, जग प्रसाद वनिया गुप्तको छोरा, कपिलवस्तु जिल्ला, मायादेवी गा.पा. वडा नं. ०२ बस्ने **गणेश कुमार गुप्त ।** |
| २ | चिन्नी लाल वनियाको नाति, जग प्रसाद वनियाको छोरा, कपिलवस्तु जिल्ला, अभिराव गा.वि.स/उ.म.न.पा वडा नं. ०६ बस्ने **भरथरी वनिया ।** |
| ३ | चिन्नी लाल वनियाको नाति, जग प्रसाद वनियाको छोरा, कपिलवस्तु जिल्ला, अभिराव गा.वि.स/उ.म.न.पा वडा नं. ०६ बस्ने **महेश कुमार गुप्ता ।** |
| ४ | दयाराम गुप्तको नाति, अयोध्या प्रसाद गुप्तको छोरा, कपिलवस्तु जिल्ला, गजेहडा गा.वि.स/उ.म.न.पा वडा नं. ०२ बस्ने **घन श्याम प्रसाद गुप्त ।** |
| ५ | दयाराम गुप्तको नाति, अयोध्या प्रसाद गुप्तको छोरा, कपिलवस्तु जिल्ला, गजेहडा गा.वि.स/उ.म.न.पा वडा नं. ०२ बस्ने **विशेश्वर प्रसाद गुप्त ।** |
| ६ | नन्दलाल प्रसादको छोरी, गणेश कुमार गुप्तको श्रीमती, कपिलवस्तु जिल्ला, मायादेवी गा.पा. वडा नं. ०२ बस्ने **मायादेवी अग्रहरी ।** |
| ७ | विष्णु कमार गुप्ताको छोरी, तिलकराम गुप्तको श्रीमती, कपिलवस्तु जिल्ला, गजेहडा गा.वि.स/उ.म.न.पा वडा नं. ०२ बस्ने **तारा देवी गुप्त ।** |
| ८ | संकटा प्रसाद मिश्रको छोरी, सुरेन्द्र प्रसाद तिवारीको श्रीमती, कपिलवस्तु जिल्ला, पकडी गा.वि.स/उ.म.न.पा वडा नं. ०६ बस्ने **माया तिवारी ।** |
| ९ | राम अधारे तिवारीको नाति, विक्रम तिवारीको छोरा, कपिलवस्तु जिल्ला, पकडी गा.वि.स/उ.म.न.पा वडा नं. ०६ बस्ने **सुरेन्द्र प्रसाद तिवारी ।** |

**धितो सुरक्षणको विवरण :**

| | |
|---|---|
| १. | **मारुतीनन्दन एग्रो इण्डष्ट्रिज प्रा.लि.**को नाममा मालपोत कार्यालय तौलिहवा, कपिलबस्तुमा दर्ता श्रेस्ता कायम रहेको कपिलबस्तु जिल्ला, हथौसा गा.वि.स./न.पा. वडा नं. २ (नक्सा सिट नं. २) को कित्ता नं. १०३७, १०४१ र ५८ को क्रमशः ०-२-१३-०, ०-१४-०-० र ०-१३-३-० (बि.क.धु.क.) क्षेत्रफल रहेको जग्गा सो जग्गामा बनेको घर र सो जग्गाहरूको परिसरमा निर्मित सम्पूर्ण घर, भवन, टहरा तथा सोमा जडान भएका सम्पूर्ण प्लान्ट, मेशीनरी, उपकरण, फर्निचर साथै सम्पूर्ण चल अचल सम्पत्ति र सोको लिगलगापात समेत । |
| २. | **मारुतीनन्दन एग्रो इण्डष्ट्रिज प्रा.लि.**को नाममा मालपोत कार्यालय तौलिहवा, कपिलबस्तुमा दर्ता श्रेस्ता कायम रहेको कपिलबस्तु जिल्ला, गजेहडा गा.वि.स. वडा नं. ६ (नक्सा सिट नं. ६क) को कित्ता नं. ३३४ को ०-१-१२-० (बि.क.धु.क.) क्षेत्रफल रहेको जग्गा सो जग्गाको परिसरमा निर्मित सम्पूर्ण घर, भवन, टहरा तथा सोमा जडान भएका सम्पूर्ण प्लान्ट, मेशीनरी, उपकरण, फर्निचर साथै सम्पूर्ण चल अचल सम्पत्ति र सोको लिगलगापात समेत । |
| ३. | **सुरेन्द्र प्रसाद तिवारी**को नाममा मालपोत कार्यालय तौलिहवा, कपिलबस्तुमा दर्ता श्रेस्ता कायम रहेको कपिलबस्तु जिल्ला, पकडी गा.वि.स./न.पा. वडा नं. ६ (नक्सा सिट नं. ६ख) र वडा नं. ५ (नक्सा सिट नं. ५क) को कित्ता नं. क्रमशः ९६७ र ३८६ को क्रमशः ०-१७-१२-० र ०-३-१३-० (बि.क.धु.क.) क्षेत्रफल रहेको जग्गा र सो जग्गाहरूको परिसरमा निर्मित सम्पूर्ण घर, भवन, टहरा तथा सोमा जडान भएका सम्पूर्ण प्लान्ट, मेशीनरी, उपकरण, फर्निचर साथै सम्पूर्ण चल अचल सम्पत्ति र सोको लिगलगापात समेत । |

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा वन्देजहरूः**

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा शाखाबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. इच्छुक बोलपत्रदाताले सूचनामा उल्लिखीत चल/अचल सम्पत्ति मध्ये आफ्नो इच्छा अनुसार कुनै एक वा केही वा सबै सम्पत्तिको लागि बोलपत्र पेश गर्न सक्नु हुनेछ ।
३. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
५. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको ३:०० बजे प्रतिनिधिहरूको रोहबरमा प्राप्त बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
६. उल्लिखीत चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा भैरहवा शाखामा सम्पर्क गर्न सकिने छ ।
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
८. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
९. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लिखीत रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन ।
११. इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरूले **२०८१ साल पौष महिना १९ गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
१२. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

**लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :**

**मिति : २०८१ साल पौष महिना २३ गते ।**
**स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ ।**
**समय : दिनको ३:०० बजे ।**

**सानिमा बैंक** www.sanimabank.com
'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

## युएईमा रोजगार

कम्पनीः SPARK SECURITY SERVICES SOLE PROPRIETORSHIP LLC | शहरः UAE
पुर्व स्वीकृत मितिः २०८०/०२/१७ | चलानी नं.: ६०२०२३६१ | L.T. No.:. 286922 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard (ASSD) | 54 | 14 | सम्बन्धित काममा दक्ष | 2000 | ७३,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Security Guard - SIRA | 85 | 46 | | 1200 | ४४,३१६ | | | | | | | |

**अन्तर्वार्ता होटल दिव्यश्री पोखरा कास्कीमा २०८१ पुष १२ गते (27 December 2024) मा हुनेछ ।**
**अन्तर्वार्ता मेनपावर कार्यालय र अरिकल इभेन्ट्स काठमाडौमा २०८१ पुष १३ गते (28 December 2024) मा हुनेछ ।**

★ कम्तीमा SLC पास साथै English भाषा राम्रो सँग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ ।
★ उमेर २२ बर्ष देखि ३८ बर्ष ननाघेको र उचाई ५ फिट ७ ईन्च भन्दा माथि हुनुपर्नेछ ।
★ Civil, Ex-Army, Police मा कम्तीमा ३ वर्षको अनुभव भएकाहरुलाई विशेष ग्राह्यता दिइनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**STARIS HR SERVICES PVT. LTD.** श्रम इजाजत नं. १३२४/०७४/०७५
Basundhara, Kathmandu, Tel.: 01-5910250, 4370973, 4370762 , CONTACT NO.: 9851336470 | 9802320574 | 9802320575

## सुनकोशी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
पाङ्गेटार, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

### नदीजन्य पदार्थ उत्खनन्, संकलन, तथा बिक्री शुल्क उठाउने ठेक्का बन्दोवस्त सम्बन्धी बोलपत्र आव्हान सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति २०८१/०९/०५**
**ठेक्का नं. SRM/SI/NCB/01/2081/82**

सुनकोशी गाउँपालिकाले तपशिल कार्यको लागि विद्युतीय बोलपत्र PPMO को वेबसाइट http://www.bolpatra.gov.np मार्फत पेश गर्न सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

| न्यूनतम दररेट | अधिकतम परिमाण | न्युनतम कबोल रकम | पेश गर्ने अन्तिम मिति | बोलपत्र खोल्ने मिति | बोलपत्र जमानत | बोलपत्र फारम शुल्क |
|---|---|---|---|---|---|---|
| रु.७ (प्रति घ.फिट) | २,६९,७२६.७५ (घ.फिट) | १८,८८,०८७.२५ (भ्याट बाहेक) | २०८१/०९/२१ दिउसो १२:०० बजेसम्म | २०८१/०९/२१ दिउसो १:०० बजेसम्म | कबोल अंकको ५% | रु. ३,०००.०० |

**ठेक्का सम्बन्धी शर्तहरु:**

१. ठेक्का सम्बन्धी पूर्ण सूचना तथा शर्तहरु सुनकोशी गाउँपालिकाको वेबसाइट www.sunkoshiruralmum.gov.np र PPMO को वेबसाइट http://www.bolpatra.gov.np बाट download गर्न सक्नु हुनेछ ।

**प्रमुख प्रशासकिय अधिकृत**

# भन्सार खुलाउन वडा अध्यक्षको नेतृत्वमा प्रदर्शन



**इसत्याक अहमद / मध्यान्ह**
रौतहट, ४ पुस

रौतहटको परोहा नगरपालिका वडा नम्बर ९, रामपुर खापमा रहेको छोटी भन्सार पुनः खोल्न माग गर्दै स्थानीयहरूले विरोध प्रदर्शन गरेका छन् । उक्त छोटी भन्सार कोरोनाकालदेखि लगातार बन्द हुँदै आएको छ । स्थानीयहरुले वडा नं. ९ का वडाध्यक्ष कपिल अंजुमकाकै नेतृत्वमा विरोध कार्यक्रम जारी राखेका छन् ।

वडाध्यक्ष अंजुमकाले छोटी भन्सार खाप सञ्चालन नहुँदा स्थानीयहरु निकै समस्यामा परेको बताए ।

छोटी भन्सार खाप २००७ देखि सञ्चालनमा रहेको उल्लेख गर्दै वडाध्यक्ष अंजुमकाले कोरोनाकालपछि एकाएक बन्द हुँदा स्थानीय बासिन्दाहरूको आवत-जावत र व्यापारिक गतिविधिमा अवरोध आएको बताए ।

यस्तै परोहा नगरपालिकाका मेयर प्रत्याशी शेख अब्दुल्लाहले सीमानासँग जोडिएको यस भन्सार कार्यालयलाई राजनीतिक रणनीतिको शिकार बनाइएको आरोप लगाए । नेपाली कांग्रेसका मधेश प्रदेश सदस्य नेता हारुन रसिदले यो समस्या चाँडो समाधान गर्न जिल्ला प्रशासन कार्यालयलाई चेतावनी दिए ।

रामपुर खापको भन्सार पुनः खोल्नका लागि स्थानीय स्तरमा प्रदर्शन भइरहेको जानकारी दिँदै उनले सरकारलाई यसबारे गम्भीर बन्न आग्रह समेत गरे ।

यसैगरी, परोहा नगरपालिका वडा नम्बर ९ का पूर्व वडाध्यक्ष शेख युनुसले भन्सार खोल्दा सम्भावित असुरक्षा, तस्करी र सामाजिक प्रभावको बारेमा सरकारले ध्यान दिनुपर्ने बताए । उनले भन्सार खोल्दा सरकारको राजस्व संकलनमा पनि वृद्धि हुने तर्क गरे ।

इसनाथ नगरपालिका वडा नम्बर ७ का अध्यक्ष कतुबुदिन र स्थानीय समाजसेवी शेख सदरे आमले उचित पूर्वाधार र कानूनी प्रबन्ध नगरी भन्सार खोल्न गरिएको प्रयासप्रति असन्तुष्टि जनाए ।

नेपाल र भारतको सीमा क्षेत्रमा बेटी रोटीको सम्बन्ध भएको कारण स्थानीय आवत-जावतमा सहजता ल्याउन सरकारले नै पहल गर्नुपर्ने नेकपा एमाले परोहा नगरपालिका मेयरका प्रत्याशी पवन कुमार पटेलले बताए ।

रामपुर खाप छोटी भन्सार स्थानीय अध्यक्ष कपिल अंजुम र कार्यक्रम संयोजक इन्जिनियर बसिरुदिन अजादको नेतृत्वमा स्थानीय प्रदर्शनहरू शान्तिपूर्ण रूपमा अगाडि बढिरहेको छ । यसक्रममा पुस ७ गते आइतबार जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाउने तयारी गरिएको कपिलले बताए ।

# थुनुवालाई न्यानो कपडा



**दिलमाया शाही / मध्यान्ह**
जुम्ला, ४ पुस

जिल्ला प्रहरी कार्यालय जुम्लाले हिरासतमा रहेका थुनुवाहरूलाई न्यानो कपडा वितरण गरेको छ । चिसोबाट जोगाउनका लागि ओढ्ने तथा ओछ्याउने कपडा वितरण गरिएको हो । पातारासी गाउँपालिका-२ तल्फिका धनसिंह बोहोराको सहयोगमा १० वटा र उद्योग वाणिज्य संघको सहयोगमा ५ वटा गरी १५ वटा कम्बल र डस्ना, सिरक वितरण गरिएको प्रहरी नायब उपरीक्षक छेदीलाल कामतीले जानकारी दिए। उनले थुनुवालाई न्यानो कपडा सहयोग गरेकोमा आभार व्यक्त गरे । चन्दननाथ-६ का वडाध्यक्ष रवि थापाले थुनुवालाई न्यानो कपडा वितरण गर्नु सराहनीय काम रहेको बताए ।

पातारासी गाउँपालिका २ तल्फिका धनसिंह बोहोराले आफूले व्यक्तिगत रूपमा २५ हजार रुपैयाँ बराबरको न्यानो कपडा वितरण गरेको बताए । हिमाली जिल्ला जुम्लामा बढ्न थालेको चिसोबाट गरिब, विपन्न तथा आर्थिक अवस्था न्यून भएका नागरिकको पहिचान गरी न्यानो कपडा वितरण गर्न जरुरी रहेको सरोकारवालाहरु बताउँछन् ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभागको
**दावी विरोध सम्बन्धी सूचना**

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त संस्था श्री **Rhythm Overseas Pvt. Ltd.** (इ.प.नं.८६५/०६६/०६७) ले यस विभाग समक्ष झापा जिल्ला विर्तामोड नगरपालिका वडा नं. ४ स्थित शाखा कार्यालय रद्द गरी धरौटी रकम फिर्ता गरी पाउँ भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सवुद प्रमाण सहित वैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८१/०९/०४ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शाखा कार्यालयको इजाजतपत्र रद्द गरी धरौटी रकम फिर्ता मैं जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

**काठ लिलाम सम्बन्धीको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८१/९/५ गते**

यस श्री सिद्धनाथ सामुदायिक वन उपभोक्ता समुह परशुराम-१, डडेल्धुरामा कटान, मुछान, बेलान र घाटगद्दी भईसकेको र डिभिजन वन कार्यालय डडेल्धुराको सहमति भई लिलाम सहमति समेत प्राप्त भएका हुँदा साल जातको काठ गोलिया थान १९ वटा २०७.९३ क्यू.फि. सिलवन्दी दरभाउपत्रद्वारा लिलाम विक्री गरीने भएको हुँदा लिलाम लिन इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका काठ व्यवसायी वा फर्मले यो सूचना प्रकाशित भएको मितिले २१औं दिनभित्र यस समुहको कार्यालय र सब डिभिजन वन कार्यालय परशुरामबाट दरभाउपत्र खरिद गरी २२ औं दिनदिनको दिउँसो १२ बजेभित्र सोहि यस वन समुहको कार्यालयमा सिलवन्दी बोलपत्र दर्ता गर्न सकिने सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री सिद्धनाथ सामुदायिक वन उपभोक्ता समुह परशुराम-१, डडेल्धुरा**

**धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय नक्सालको ७ दिने सार्वजनिक सूचना ।।**

**(प्रकाशित मिति : २०८१/०९/०५ गते)**

